जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodayad@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com



वर्ष २५ •अंक २२ • २०८० साल जेठ २८ गते आइतबार (11 June, Sunday, 2023) •पृष्ठ ८ •मूल्य रु. ५।-

## भीसीका लागि चिकित्सकहरु दौडधुपमा

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठानका उपकुलपति (भीसी)का लागि चिकित्सकहरुले दौडधुप गर्न थालेका छन् ।

भीसी डा.रामकेवल साहको देहान्त भएपछि सो पद रिक्त भएको छ। भीसीका लागि आधा दर्जन भन्दा बढी चिकित्सकहरु जसपा र नेपाली कांग्रेसको विभिन्न शक्ति केन्द्रहरुमा धाइरहेका छन् । तर अधिकांश चिकित्सकहरु विभिन्न माध्यमबाट शक्ति केन्द्रलाई रिझाएर पद पाउन सक्रिय भएका छन् ।

उपकुलपति डा.साह संस्थापक रहेका थिए । उनको निधन भएसँगै भीसी बन्ने दौडमा चिकित्सकहरुको संख्या थपिएका छन् ।

प्रतिष्ठान स्वास्थ्य तथा जनसंख्या मन्त्रालय अन्तर्गत रहेको छ । सामाजिक विकास मन्त्रालय विभाजित भएपछि प्रतिष्ठान स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा आएको छ । सो मन्त्रालय नेपाली कांग्रेसको भागमा परेको छ । स्वास्थ्य तथा जनसंख्या मन्त्री वीरेन्द्र कुमार सिंह कांग्रेसका सभापति शेरबहादुर देउवा पक्षधर हुन् ।

प्रतिष्ठान अन्तर्गतको प्रादेशिक अस्पतालको निर्देशकमा उनले डा.रामनरेश पण्डितलाई हालै नियुक्त गरेका छन् । डा.पण्डित वरिष्ठ स्त्रीरोग विशेषज्ञ हुन् । भीसी नियुक्तिमा पनि उनले कांग्रेस पक्षधरलाई नियुक्त गर्ने प्रयास गर्ने बताइन्छ ।भीसी नियुक्तिमा आर्थिक चलखेल प्रमुख हुनसक्ने आशंका पनि गरिदैछ ।

भीसीका लागि जसपा अध्यक्ष उपेन्द्र यादवका सम्धी डा.विश्वनाथ यादव, प्रतिष्ठानका रेक्टर डा.अंकुर साह, डा.प्रमोद यादवलगायतका चिकित्सकहरु भीसीको दौडमा रहेका छन् । त्यस अतिरिक्त पनि आधा दर्जन चिकित्सकहरु भीसीका लागि प्रयास गरिरहेको बताइएको छ ।

मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठानले सञ्चालन गरेको प्रादेशिक अस्पतालबाट सर्वसाधारणले अपेक्षित सुबिधा प्राप्त गर्न सकिरहेको छैन् । अस्पतालका कर्मचारीहरुले प्रतिष्ठानबाट अलग गरिनुपर्ने माग गर्दै पटक पटक आन्दोलन गर्दै आएका छन् ।

# सर्वोच्चको निर्णय कुर्दै जसपा

## आन्दोलनका लागि तयार रहन राउतको निर्देशन

**टुडे समाचारदाता**

जनकपुरधाम । नागरिकता सम्बन्धी ऐनको कार्यान्वयनमा रोक लगाउने सर्वोच्च अदालतको अल्पकालीन अन्तरिम आदेशको बिरुद्ध प्रदर्शन भइरहेको बेला जनता समाजवादी पार्टी(जसपा)ले मंगलबार आउने फैसलालाई कुरिरहेको छ ।

जसपा कार्यकारिणी समितिको शनिबार बसेको बैठकमा सर्वोच्च अदालतले मंगलवार गर्ने फैसलालाई सतर्कतापूर्वक हेर्न भनिएको छ ।

संसदले दुई पटक पारित गरेको विधेयकलाई राष्ट्रपति रामचन्द्र पौडेलले प्रमाणीकरण गरेको बिरोधमा सर्वोच्च अदालतमा मुद्दा दर्ता भएपछि नागरिकता वितरणमा रोक लागेको छ ।

नागरिकता सम्बन्धी कानुनमा प्रमुख विषयहरु मध्ये पहिलो जन्मसिद्ध नागरिकता प्राप्त नेपालीका सन्तानले वंशजको नागरिकता प्राप्त गर्नेछन् । दोस्रो वैवाहिक अंगीकृत नागरिकता प्राप्त गर्नेहरुले पूर्ववत रुपमा पाउँदै आए अनुसार नै प्राप्त गर्नेछन् । तेस्रो भनेको गैह्र आवासीय नागरिकलाई पनि नागरिकता उपलब्ध गराइने रहेको छ ।

नागरिकता सम्बन्धी ऐन दुई पटक संसदले तत्कालीन राष्ट्रपति विद्यादेवी भण्डारीलाई प्रमाणीकरणका लागि पठाउँदा उनले अलपत्र छाडेकी थिइन् । प्रमाणीकरण नगरी पदमुक्त भएकी भण्डारीको चौतर्फी आलोचना भएको थियो ।

एमालेले नेपाली नागरिकसित विवाह भएको ७ वर्षपछि मात्र नागरिकता दिनुपर्ने प्रावधान राख्न चाहेको छ । त्यसमा राष्ट्रिय स्वतन्त्र पार्टी(रास्वपा) र राष्ट्रिय प्रजातन्त्र पार्टी(राप्रपा)ले साथ दिइरहेका छन् ।



> जसपाले नागरिकता सम्बन्धी ऐन कार्यान्वयनमा सर्वोच्च अदालतले मंगलवार रोक लगाउने निर्णय गरे आन्दोलनमा उत्रने छलफल गरेको बताइएको छ ।



> 'हाम्रो कुनै माग पूरा भएको छैन ' उनले भने, अहिले नागरिकताको समस्या समाधान भएको भनिन्छ तर त्यो पनि कार्यान्वयन हुन्छ कि हुँदैन भने ठेगान नभएकाले आन्दोलन गर्न आवश्यक छ ।'

विगतमा सरकारले नागरिकता सम्बन्धी अध्यादेश र निर्णय गर्दा सर्वोच्च अदालतले रोकेको थियो । अदालतले कानुन बनाएर मात्र नागरिकता वितरण गर्न निर्देशन दिएको थियो । तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवा नेतृत्वको सरकारले सदनबाट दुई पटक नागरिकता विधेयक पारित गरी प्रमाणीकरण गर्न राष्ट्रपतिलाई सिफारिस गरेको थियो । अदालतबाट दुई पटक पारित भएको ऐनलाई एमालेको चाहना अनुरुप भण्डारीले अलपत्र छाडेको आरोप छ ।

जसपाले नागरिकता सम्बन्धी ऐन कार्यान्वयनमा सर्वोच्च अदालतले मंगलवार रोक लगाउने निर्णय गरे आन्दोलनमा उत्रने छलफल गरेको बताइएको छ ।

'नागरिकता सम्बन्धी ऐन कार्यान्वयनमा कुनै जालझेल भए जसपा चुप लाग्ने छैन्' कार्यकारिणी समिति सदस्य समेत रहेका प्रवक्ता मनिष सुमनले भने, नागरिकता सम्बन्धी मौलिक हकलाई राजनीतिक पूर्वाग्रहको आधारमा कुण्ठित गर्न पाइदैन् ।

देशमा जन्मसिद्ध नागरिकका ७ लाख बढी सन्तान अनागरिक छन् ।नागरिकता नभएकै कारण उनीहरु शिक्षाको जन्मसिद्ध अधिकारबाट बञ्चित छन् ।सरकारले उनीहरुलाई वंशजको आधारमा नागरिकता प्रदान गर्न चाहेको छ ।

यसैबीच जनमत पार्टीका अध्यक्ष डा.सीके राउतले मधेश र मधेशीले कुनै अधिकार नपाएकाले आन्दोलनका लागि तयार रहन आप्ना कार्यकर्ताहरुलाई निर्देशन दिएका छन् ।

वीरगञ्जमा आयोजित पार्टी प्रवेश कार्यक्रममा अध्यक्ष राउतले भने, मधेशीहरुले अहिलेसम्म कुनै अधिकार प्राप्त नगरेकाले आन्दोलनका लागि तयार रहनुपर्छ ।

तत्कालीन मधेशी जनअधिकार फोरम नेपालको नारा 'समग्र मधेश एक प्रदेश'लाई सम्झिदै उनले भने, 'मधेश आन्दोलनको माग २२ वटा जिल्लालाई एउटै बनाउने रहेको तर आठ वटा जिल्लामा सीमित गरिएकाले आन्दोलन आवश्यक भएको छ ।

विगतमा यसै मागलाई लिएर मधेशी दलहरुले सशक्त आन्दोलन गरे पनि सत्ता लालसाको कारण मधेश प्रदेश ८ जिल्लामा खुम्चिएको हो ।

'हाम्रो कुनै माग पूरा भएको छैन ' उनले भने, अहिले नागरिकताको समस्या समाधान भएको भनिन्छ तर त्यो पनि कार्यान्वयन हुन्छ कि हुँदैन भने ठेगान नभएकाले आन्दोलन गर्न आवश्यक छ ।'

जनमत पार्टी सांसद र मन्त्री बन्न र बनाउनका लागि आएको पार्टी नभएको उनले दाबी गरे । अध्यक्ष 'अरू कुनै पार्टीले एउटा मन्त्रालय पाउने वितिक्कै ती पार्टीका अध्यक्ष नै सरकारमा जान तछाडमछाड गर्थे तर जनमत पार्टीका अध्यक्षले अरूलाई पठाएको छ ' राउतले भने, मेरा लागि पद र पैसा ठूलो होइन् ।

जनमतका अध्यक्ष राउतले पद र पैसाको चाहना नभएको बताए पनि पार्टीमा परिवारवाद, अपमानपूर्ण ढंगले मधेश प्रदेश सरकारमा सहभागिता र संघीय सरकारमा एउटा मन्त्रालयका लागि दौडधुप गरिरहेको आरोप खेप्दै आएका छन् ।






# साढे चार लाख लिटर क्षमताको पानी ट्याङ्की निर्माण गरिँदै



वीरगञ्ज । वीरगञ्ज महानगरपालिका क्षेत्रभित्र नेपाल खानेपानी संस्थानले ठूलो क्षमताको पानी ट्याङ्की निर्माण गर्न लागेको छ। बढ्दो गर्मीका कारण चापाकललगायतका खानेपानीका मुहानमा पानी आउन छाडेपछि खानेपानी संस्थानले साढे चार लाख लिटर क्षमताको पानी ट्याङ्की निर्माण गर्न लागेको हो ।

महानगरपालिकाको वडा नं १६ स्थित नगवामा निर्माण हुन लागेको खानेपानी पानी ट्याङ्कीको शनिवार जनता समाजवादी पार्टी नेपाल (जसपा) का प्रमुख सचेतक प्रदीप यादव र नगरप्रमुख राजेशमान सिंहले संयुक्तरूपमा शिलान्यास गर्नुभयो । सो पानी ट्याङ्कीले वडा नम्बर १५ र १६ का लगभग ४५ हजार घरधुरी लाभान्वित हुने नेपाल खानेपानी संस्थानका प्रमुख निरन महर्जनले जानकारी दिनुभयो ।

निर्वाचन क्षेत्र नं १ का प्रतिनिधिसभा सदस्यसमेत रहेका जसपाका प्रमुख सचेतक यादवले पानी ट्याङ्की निर्माणले वडावासीले भोगिरहेको खानेपानीको समस्या समाधान हुने विश्वास व्यक्त गर्नुभयो । पछिल्लो समय जलवायु परिवर्तन र बढ्दै गएको तापक्रमका कारण जमिनमुनिको पानीको सतह घट्दै जाँदा चापाकलमासमेत पानी आउन छाडेपछि वर्तमान मागलाई सम्बोधन गर्न पानीट्याङ्की निर्माणको काम सुरु गरिएको उहाँले बताउनुभयो ।


जलवायु परिवर्तन र विभिन्न कारणले जमिनमुनि रहेको पानीको सतह तल झर्दै गइरहेको उल्लेख गर्दै उहाँले रुख रोप्ने र घरघरमै 'वाटर रिचार्ज'को उपाय अपनाउनुपर्नेमा जोड दिनुभयो । नगरप्रमुख सिंहले तराई-मधेसका क्षेत्रमा देखिएको पानीको समस्या गम्भीर भएको बताउनुभयो ।

उहाँले महानगरभित्र देखिएको खानेपानीको समस्या समाधानका लागि नेपाल खानेपानी संस्थानसँग मिलेर महानगरका विभिन्न वडामा चार हजार धारा निःशुल्करूपमा जडान गर्न लागिएको जानकारी दिनुभयो । महानगरपालिकाले नेपाल खानेपानी संस्थानसँग समन्वय गरेर चार हजार घरधुरीमा निःशुल्क धारा जडान गरिने नगरप्रमुख सिंहको भनाइ थियो ।

सङ्घीय सरकारको सहयोगमा नेपाल खानेपानी संस्थानले वीरगञ्ज जलापूर्ति परियोजनाअन्तर्गत कूल लागत रु ५३ करोड ३२ लाख २४ हजार दुई सय २० को लागतमा सो पानीट्याङ्की निर्माण गर्न लागिएको खानेपानी संस्थानका प्रमुख महर्जनले बताउनुभयो। परियोजना दुई वर्षमा सम्पन्न हुने लक्ष्य लिइएको छ।

दुई सातादेखि बढ्दो गर्मीका कारण सतहको पानी तल झर्दै गएर चापाकलमा पानी आउन छाडेपछि पर्साको ग्रामीण क्षेत्रमा खानेपानीको हाहाकार हुँदै गएको छ। पर्साको वीरगञ्ज महानगरपालिकाका ग्रामीण क्षेत्रसहित दुई दर्जन गाउँमा खानेपनीको सङ्कट बढ्दै गएको स्थानीयले बताएका छन् । रासस

# मिथिला क्षेत्रका ऐतिहासिक तथा सांस्कृतिक लोकनाच लोप हुँदै



वीरगञ्ज । कुनै बेला मिथिला क्षेत्रमा अत्यन्तै लोकप्रिय बनेका प्रसिद्ध ऐतिहासिक तथा सांस्कृतिक लोकनाच यतिबेला लोप हुन थालेका छन् ।

मोबाइल फोनको बढ्दो प्रयोग तथा उचित संरक्षणको अभावमा सातौँ र आठौँ शताब्दीदेखि मिथिला क्षेत्रमा प्रचलनमा रहेका मिथिला क्षेत्रका ऐतिहासिक, प्रचीन लोकनाच राजा सलहेस, शितवसन्त, रुनाझुना, जङ्गली बादशाह, गोपीचन्द, कुँवर वृजभान, सुन्दर बनको सुन्दर फूल, अल्लाह रुदल, गुगली घाट, साँमाचकेवा, कमला मैयाँजस्ता नाच लोप हुन थालेका हुन् ।

यस्तै जय विषहरा, दुलहा दयालासिंह, विदेशिया, दिनाभद्री, लोरिक, राजानल, राजा हरिश्चन्द्र, सती विहुला, कारिक, महराई शोरवा महाराज, महराई, कारिक महाराज, आल्ला रुदल, झगडु मल जस्ता ऐतिहासिक लोकनाच पनि लोप हुन लागेका छन् । लोकनाच लोप हुन थालेसँगै कलाकार रोजगारीको खोजीमा पलायन हुन थालेका छन् ।

बढ्दो टिभी, सिडी र मोबाइलको प्रयोगसँगै ऐतिहासिक तथा प्राचीन लोकगाथाका नाच लोप हुन थालेका सुनाउँदै १० वर्षको उमेरदेखि नाच गर्दै आएका सप्तरीको डाक्नेश्वरी नगरपालिकाका ६५ वर्षीय गोसाई राय भन्नुहुन्छ, "नाच कम्पनी बन्द हुन थालेपछि आफूहरू बेरोजगार भएका छौँ ।"

पहिला प्रतिष्ठाका लागि भए पनि ठूलो रकम खर्चेर ग्रामिण क्षेत्रमा लोकनाच गराइने गरेको उहाँ सुनाउनुहुन्छ । उहाँ भन्नुहुन्छ, "नाचबाटै कमाएर २० जना कलाकारको सहभागितामा नाच मण्डली खोले, तर दुर्भाग्य भन्नुपर्‍यो कम्पनी नै चल्न नसकेपछि बन्द गर्नुपर्‍यो ।"

केही वर्षअघिसम्म नाच कम्पनीबाटै वार्षिक रु पाँच/सात लाखभन्दा बढी आम्दानी हुने गरेको स्मरण गर्दै अर्का नाचका कलाकार फनिराम भन्नुहुन्छ, "कुनै बेला मिथिला क्षेत्रमा लोकनाच प्रसिद्ध थियो, तर अहिले अब यी मौलिक नाच लोप हुदै गएका छन् ।" नाच कम्पनी बन्द हुन थालेपछि त्यसमा संलग्न कलाकार रोजगारीका लागि मलेसिया, साउदी कतारलगायतका खाडी मुलुक तथा छिमेकी देश भारततर्फ पलायन हुन थालेको उहाँको भनाइ छ ।

नाच कम्पनी बन्द भएपछि परिवार पाल्न पनि समस्या भएकाले आफूसँगै नाच कम्पनीमा काम गर्दै आएका साथी रागेजारीका लागि भारतको पञ्जाब र लुधियाना गइसकेकाले आफूले पनि भारततिरै जाने सोच बनाएको सिरहाको पोखरभिण्डाका श्रवण सदा बताउनुहुन्छ ।

"मोबाइलको बढ्दो प्रयोगका कारण ऐतिहासिक लोकनाचका कम्पनी विस्थापित हुन थालेका छन्", कुनै बेला नाँच कम्पनीको जिम्मेवारी बहन गरिसकेका सिरहाको सखुवानन्कारकट्टी गाउँपालिका-१ निवासी लोचन राम भन्नुहुन्छ, "कुनै बेला अत्यन्तै लोकप्रिय रहेको ऐतिहासिक नाच अहिले लोप हुन थालेछन्, त्यसका कारण सिरहामा रहेका एक सयभन्दा बढी नाच कम्पनी बन्द भइसकेका छन् ।"

विगतमा ठूलो नाम कमाएका नाच कम्पनी बन्द भएपछि त्यसमा संलग्न कलाकार बेरोजगार भएर कामको खोजीमा विदेश पलायन भइसकेका छन् । मिथिला क्षेत्रका ग्रामिण क्षेत्रमा लोकप्रिय रहेका यस्ता लोकनाच तत्कालीन सशस्त्र द्वन्द्वकालमा बढी प्रभावित भएको र त्यसयता निरन्तररूपमा विस्थापित हुनेक्रम जारी रहेको कालाकारहरू बताउँछन् ।

"खासगरी विवाह, शुभकार्य, उत्सव र चाडपर्वका बेला लोकनाच गराउने परम्परा रहेकामा पछिल्लो समय करिब १० प्रतिशतजति विवाहका बेलामा ग्रामीण क्षेत्रमा मात्र यस्ता लोकनाचको माग आउने गरेको छ", सिरहाको अर्नामा गाउँपालिका-४ निवासी विन्दु सदा भन्नुहुन्छ, "वर्षमा एक/दुई पटक मात्र लोकनाच हुने गरेकाले कलाकार रोजगारीको खोजीमा पलायन भएका छन् ।"

ऐतिहासिक र प्राचीन घटनामा आधारित यी लोक नाच लोप हुन लागेकामा संस्कृतिविद्समेत चिन्तित बनेका छन् । संस्कृतिविद् पूर्वप्राध्यापक पिताम्वरलाल यादव भन्नुहुन्छ, "मिथिला क्षेत्रको संस्कृतिको धरोहरका रूपमा रहेका लोकनाच लोप हुनु दुःखद् कुरा हो ।" ऐतिहासिक र सांस्कृतिक महत्व बोकेका लोकनाचको संरक्षणमा सरकारका तर्फबाट उचित कदम चाल्नुपर्ने उहाँको भनाइ छ ।

मिथिला क्षेत्रसँग जोडिएको पल्लवित र पुष्पति भएका यस्ता लोकनाचको संरक्षण तथा सम्वर्द्धनमा ध्यान नदिए मिथिला क्षेत्रका संस्कृति हराउँदै जाने भएकाले सरकारले स्थानीय निकायमार्फत बजेट छुट्याउनुपर्ने माग कलाकारहरूको छ। रासस

# हरिपुर्वा नगरपालिकामा दुई महिनादेखि तालाबन्दी

सर्लाही । सर्लाहीको हरिपुर्वा नगरपालिका कार्यालयमा तालाबन्दी भएको करिब दुई महिना भयो । नगरका जनप्रतिनिधिबीच राजनीतिक आग्रह पूर्वाग्रह रहेका कारण लागेको लालबन्दी खुलाउने प्रयास कसैले नगर्दा नगरको विकास निर्माणको काम प्रभावित भएको छ।

नगरपालिकमा राजनीतिक विवादका कारण प्रमुख प्रशासकीय अधिकृत नगरपालिका आउन नमान्नु हरिपुर्वा नगरपालिकाका लागि कुनै अनौठो कुरा होइन । दुई महिनाको अवधिमा चार जना प्रमुख प्रशासकीय अधिकृत सरुवा भएर आए पनि कोही नबसेका नगर प्रमुख विनोद साहले जानकारी दिनुभयो। उहाँका अनुसार स्थानीय तहको दोस्रो निर्वाचनमार्फत नगरपालिकामा नयाँ जनप्रतिनिधि आएको भएको पनि एक वर्ष पूरा भएको छ तर आन्तरिक विवादका कारण नगरको विकासको काम ठप्पजस्तै छ।

राजनीतिक द्वन्द्वका कारण हरिपुर्वा नगरपालिकाको आर्थिक वर्ष २०७९/०८० को नगरसभा नै ढिलो भयो। गत मङ्सिरमा नगरसभा भए पनि विकासको काम अघि बढ्न नसकेको नगर प्रमुख साहले बताउनुभयो । हरिपुर्वा नगरपालिकाका लागि कार्यालय सहयोगी भर्ना, नगरपालिकाको भवन निर्माण गर्ने स्थान, प्रहरीचौकी निर्माणजस्ता कुरामा जनप्रतिनिधि र राजनीतिक दलहरूबीच कुरा नमिल्दा नगरपालिकाको कार्यालयमा तालाबन्दीको अवस्था आएको स्थानीय युवा वीरेन्द्रप्रसाद अधिकारीले बताउनुभयो । नेपाली कांग्रेस, नेकपा (एमाले), जनता समाजवादी पार्टी( जसपा) नेपाल, नेकपा (माओवादी केन्द्र) सहितका पार्टीले एक सर्वदलीय सङ्घर्ष समिति नै बनाएर नगरपालिकाको आफ्नै जमिनमा कार्यालय भवन बनाउनुपर्ने, प्रहरीचौकीका लागि खरिद गरेकै जमिनमा भवन बनाउनु पर्नेलगायतका नौ माग राखेर आन्दोलन गरेको सर्वदलीय सङ्घर्ष समितिका संयोजक विकाउ यादवले बताउनुभयो ।

उहाँका अनुसार माग पूरा गर्न नगरपालिकाले चासो नदिएपछि सङ्घर्ष समितिले नगर प्रमुख, प्रमुख प्रशासकीय अधिकृत र लेखा अधिकृतसहित नगरपालिकाको कार्यालयमा तालाबन्दी गरिएको हो । गत चैत १५ गतेदेखि नगरपालिकाको कार्यालयमा तालाबन्दी गरिएको सङ्घर्ष समितिका संयोजक यादवले बताउनुभयो। उहाँका अनुसार नगरपालिकाको भवन मन्दिरको जमिनमा बनाउन खोजेपछि विवाद बढेको हो । आर्थिक वर्षको अन्त्य हुनै लागेको र यो समयमा विकासको काम धमाधम गर्नुपर्नेमा नगरपालिकाको कार्यालयमा तालाबन्दी भएपछि विकास निर्माणको काम ठप्प भएको छ। चैत १५ गते प्रमुख प्रशासकीय अधिकृत वसन्त न्यौपाने सरुवा भएपछि चैत २२ गते उपसचिव ध्रुवराज आर्चायलाई हरिपुर्वा नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतमा मन्त्रालयमा पठाएको भए पनि उहाँ आउनुभएन ।

त्यसपछि शाखा अधिकृत शम्भुप्रसाद यादवलाई वैशाख १४ गते प्रमुख प्रशासकीय अधिकृतमा पठाएर उहाँ वैशाख १७ गते हाजिर भएको एक घण्टामै सरुवा हुनुभयो । त्यसयता रिक्त रहेको सो पदमा वैशाख २४ गते सरकारले निमेष मिश्रलाई सरुवा गर्यो तर उहाँ विवादका कारण आउनुभएन । नगरपालिकामा तालाबन्दी जारी रहेको र हाजिर हुने अवस्था नभएकाले नआएको मिश्रले बताउनुभयो ।

त्यसपछि जिल्ला समन्वय समिति र जिल्ला प्रशासन कार्यालयको समन्वयमा नगरपालिकाको तालाबन्दी खुलाउने प्रयास गरेको प्रमुख जिल्ला अधिकारी इन्द्रदेव यादवले बताउनुभयो । जिल्ला समन्वय समिति र जिल्ला प्रशासन कार्यालयले पटकपटक तालाबन्दी खुलाउने प्रयास गरेको भए पनि सहमति नजुट्दा नगरपालिकमा लागेको तालाबन्दी जारी रहेको छ।

ताला खोल्न आफूहरू तयार रहेको भए पनि नगर प्रमुख साहसहितका मानिसको अनावश्यक अडानका कारण त्यो असम्भव भएको सङ्र्घष समितका सदस्य योगनारायण रायले बताउनुभयो । उहाँका अनुसार सङ्घर्ष समितिले राखेका माग पूरा गर्ने लिखित प्रतिबद्धता गर्न नगर प्रमुख साह तयार नभएपछि सहमति नजुटेको हो ।

यता, नगरप्रमुख साहले नगरको विकासका लागि आफू लागि परे पनि सङ्घर्ष समितिले अवरोध गरेर काम गर्न नदिएको आरोप लगाउनुभयो । उहाँका अनुसार कर्मचारीको तलब र सामाजिक सुरक्षा भत्ताबाहेक अन्य कुनै पनि काम भएको छैन। रासस

# जनकपुरधाममा 'विमर्श' सुरु




**कमलेश ठाकुर**

जनकपुरधाम । मैथिली भाषा, साहित्य र कलाका क्षेत्रमा विचारमन्थन गर्ने उद्देश्यससहित जनकपुरधाममा विमर्श कार्यक्रम सुरु भएको छ । शनिवार जनकपुरधाममा आयोजित एक समारोहका बीच मधेस प्रदेश प्रमुख हरिशङ्कर मिश्रले कार्यक्रमको शुभारम्भ गर्नुभयो ।

त्यस अवसरमा प्रदेश प्रमुख मिश्रले कार्यक्रमले मैथिली भाषा, साहित्यको प्रचार-प्रसार गर्न उल्लेख्य टेवा पुग्ने विश्वास व्यक्त गर्नुभयो । नेपालमा दोस्रो र नेपाल-भारतमा करोडौँ नागरिकले बोल्ने मैथिली भाषाको माध्यमद्वारा जनकपुर, यस क्षेत्रको वैद्धिक परम्परा, कला, सभ्यता र संस्कृतिको उन्नयनमा योगदान पुग्ने भन्दै प्रदेश प्रमुख मिश्रले आयोजक विमर्श फाउण्डेशनलाई विशेष धन्यवाद दिनुभयो।

आइतबारसम्म चल्ने कार्यक्रममा जनकपुरको समृद्ध इतिहास र वर्तमान, मैथिली साहित्यको समकालीन परिदृश्य, उद्योग, जलाधार संरक्षण, राजनीति, कवि सम्मेलन, साहित्यिक तथा सांस्कृतिक सन्ध्यालगायत विभिन्न शीर्षकमाथि यस क्षेत्रका प्रतिष्ठित व्यक्तित्वहरूले विचार-विमर्श गर्ने कार्ययोजना रहेको आयोजक विमर्श फाउण्डेशनका अध्यक्ष बिभा झाले जानकारी दिनुभयो ।

कार्यक्रमको पूर्वसन्ध्यामा जनकपुरधामको दशरथ तलाउ परिसरमा हिजो शुक्रबार कवि सम्मेलन र सांस्कृतिक सन्ध्यासमेत आयोजना गरिएको थियो ।

## तपाईंको आज
पण्डित : ब्रम जी

| | |
|---|---|
| मेष | : प्रेम प्रसंग, मित्र सुख । |
| बृष | : पुरस्कार प्राप्त लाभ । |
| मिथून | : अवसर प्राप्त । |
| कर्कट | : वाद विवादबाट बच्नु । |
| सिंह | : शिक्षामा उन्नति । |
| कन्या | : नयाँ कार्य हुने । |
| तुला | : भ्रमण अवसर हुने । |
| वृश्चिक | : धन बृद्धि सञ्चय । |
| धनु | : पारिवाहिक सुख । |
| मकर | : बौद्धिक क्षमता । |
| कुम्भ | : प्रतिभा सम्पन्नता । |
| मीन | : सुख समृद्धि हुने । |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू
जनकपुरधाम ०४१

| | |
|---|---|
| बारुण यन्त्र | ५२००११ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ |
| अञ्चल अस्पताल | ५२००३३ |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ |
| आँखा अस्पताल | ५२०३९७ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ |
| विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| साह केबुल | ५२४७२२ |
| जानकी केबुल | ५२३७२८ |
| म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| होटल रामा | ५२००५९, ५२३८५४ |
| वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# पूर्व मन्त्री करिमा जनमतमा प्रवेश




**टुडे समाचारदाता**

जनकपुरधाम । पूर्व मन्त्री करिमा बेगमसहित पर्सामा विभिन्न पार्टी परित्याग गरी ठूलो संख्यामा नेता कार्यकर्ताहरू जनमत पार्टीमा प्रवेश गरेका छन् ।

वीरगञ्जमा शनिबार आयोजित एक समारोहबीच पूर्व मन्त्री बेगम, पूर्व मधेश प्रदेश सांसद प्रह्लाद गिरी, लोसपाका केन्द्रीय सदस्य शशि कपुर मियाँलगायतका नेता कार्यकर्ताहरू जनमत पार्टीमा प्रवेश गरेका छन् ।

उनीहरूलाई जनमतका राष्ट्रिय अध्यक्ष डा. सीके राउतले फूलमाला लगाएर पार्टीमा भित्र्याएका छन् ।

पर्सामा विभिन्न पार्टीका करीब १ हजार बढी नेता कार्यकर्ता जनमत पार्टीमा प्रवेश गरेको सो पार्टीले दाबी गरेको छ ।

# ६९ कर्मचारी हटाइए

**मनोज माझी**

राजविराज । मासिक एक करोड भन्दा बढी रकम तलबमै खर्च हुन थालेपछि राजविराज नगरपालिकाकाले दैनिक तथा मासिक ज्यालादारीमा कार्यरत ६९ जना कर्मचारी हटाएका छन् ।

प्रमुख प्रशासकीय अधिकृत धर्मनाथ जोशीले एक सूचना प्रकाशित गरी नगरपालिकाका ६९ जना दैनिक तथा मासिक ज्यालादारीमा कार्यरत कर्मचारी हटाइएको जनाएका छन् ।

उनले अघिल्लो दिन बिहीवार नगरकार्यापालिकाको बैठकले खर्च घटाउन यस्तो निर्णय गरिएको र सो निर्णय शुक्रबारदेखि कार्यान्वयनमा आएको स्पष्ट पारेका छन् ।

नगरपालिकाले सरसफाइ कर्मचारी बाहेक सबै दैनिक तथा मासिक ज्यालादारीमा काम गर्ने कर्मचारीलाई हटाएको प्रमुख प्रशासकीय अधिकृत जोशीले बताए ।

यसरी सेवाबाट हटाइएका मध्ये नगरपालिकामा २२ वर्षदेखि काम गर्दै आएका कर्मचारी र पूर्व जनप्रतिनिधिदेखि वर्तमान जनप्रतिनिधिद्वारा दैनिक तथा मासिक ज्यालादारीमा राखिएका कर्मचारीसमेत परेका छन् ।



राजविराज नगरपालिकामा विभिन्न विभाग र फाँटका गरी झण्डै २ सय ५० कर्मचारी छन् ।

समयमा तलब नपाउँदा कर्मचारीले घर खर्च चलाउनसमेत समस्या हुने गरेको भन्दै बेला-बेलामा धर्ना र विरोध प्रदर्शन गर्दै आएका थिए ।

राजश्व बाँडफाँटबाट आउने रकमले तलब खुवाइ कर्मचारीलाई नगरपालिकाले थामथुम पार्दै आएको थियो । नगरपालिकाका लेखापाल शत्रुघन दासका अनुसार पालिकाका कर्मचारी, शिक्षा, स्वास्थ्य लगायतको कर्मचारीको तलबमा मात्रै मासिक १ करोड २५ लाख रुपैयाँभन्दा बढी खर्च हुने गरेको छ ।

राजविराज नगरपालिकाका प्रमुख भिमराज यादव विरुद्ध अख्तियार दुरुपयोग अनुसन्धान आयोगले विशेष अदालतमा आरोपपत्र दायर गरेपछि उनी अहिले निलम्बित अवस्थामा छन् ।

नगरप्रमुख निर्वाचित हुनु अघिनै उनीमाथि एक निर्माण कार्यमा अनियमितताका आरोप लागेको थियो ।

जसकारण उपप्रमुख इसरत परवीनले कार्यवाहक प्रमुख भएर पालिका चलाइरहेका छन् ।

उनले बजेटको अभावको कारण बढ्दो खर्च धान्न कठिन भएपछि कार्यपालिका बैठकले कर्मचारी कटौती गर्ने निर्णय गरेको बताइन । यता वर्षौंदेखि काम गर्दै आएका आफूहरुलाई एक्कासी हटाएर नगरपालिकाले अन्याय गरेको कर्मचारीहरुले गुनासो पोखेका छन् ।

'आफूहरुसँग कुनै छलफल र जानकारीसमेत नदिइ एक्कासी सेवाबाट हटाइएको सूचना जारी गरेर अन्याय गरिएको छ, सेवाबाट हटाइएका एक कर्मचारीले भने- पुनः नियुक्ति नगरिए कडा आन्दोलनमा उत्रिन बाध्य हुनेछौ ।

एकातिर कर्मचारी अभावले नगरपालिकाको दैनिक कामकाज प्रभावित बन्दै गएको बेला एकै पटक ठूलो संख्यामा कर्मचारीलाई सेवाबाट हटाउँदा यसले थप जटिलता उत्पन्न गराउने नगरवासीको भनाइ छ ।

# दुर्घटनामा मोटरसाइकल चालकको मृत्यु

**टुडे समाचारदाता**

बर्दिवास । बर्दिबास औरही भित्री सडकखण्डमा शनिबार सवारी दुर्घटना हुँदा मोटरसाइकल चालकको मृत्यु भएको छ।

दुर्घटनामा औरही २ का ६० वर्षीय जाहिर अन्सारीको मृत्यु भएको छ । बर्दिबासस्थित इलाका प्रहरीका अनुसार औरहीबाट बर्दिबासतर्फ आउँदै गरेको ज ४ प २३५१ नम्बरको मोटरसाइकलले बर्दिबास २ स्थित बुद्धचोक नजिक विद्युत पोल लोड गरेको ज १ त १७४३ नम्बरको ट्रयाक्टरमा ठक्कर खाँदा दुर्घटना भएको छ।

दुर्घटनामा गम्भीर घाइते अन्सारीलाई उपचारका लागि बर्दिवास अस्पताल पुऱ्याउँदा चिकित्सकले मृत घोषणा गरेको प्रहरीले जनाएको छ।

दुर्घटना लगत्तै चालक फरार भए पनि ट्रयाक्टरलाई बर्दिवास प्रहरीले नियन्त्रणमा लिएको छ।

# औद्योगिक पर्यटन प्रवर्द्धन कार्यक्रम

**रञ्जन यादब**

कलैया । बाराकोसिमरामाऔद्योगिकपर्यटन प्रवर्द्धधन कार्यक्रम एवं मधेश सम्मेलन सम्पन्न भएको छ ।

कार्यक्रममा वक्ताहरुले मधेश प्रदेशमा धार्मिक पर्यटनको प्रचुर सम्भावना रहेका बताएका छन् ।

वन वातावरण तथा पर्यटन मन्त्री सुनिता यादवले बताएकी छन् । मधेश प्रदेश सरकारका वन तथा वातावरण मन्त्री सुनिता यादवले पर्यटन क्षेत्रका कुरा सरकारको नीति तथा कार्यक्रमममा नसमेटिएकामा दुख व्यक्त गरिन् ।

उनले सरकारको नीति तथा कार्यक्रम निर्माण गर्ने बेलामा यस वर्ष नभए पनि अर्को वर्ष अवश्य पार्ने प्रतिबद्धता व्यक्त गरिन् ।

कार्यक्रममा नेपाल विद्युत




प्राधिकरणका कार्यकारी प्रमुख कुलमान घिसिगंले मधेशका लागि सबैभन्दा महत्वपूर्ण भनेको कृषि विद्युतीकरण भएको बताए ।

कृषकलाई निःशुल्क विद्युत वितरण गर्न गाउँपालिका र नगरपालिकासम्म सम्झौता गर्ने कार्य हुन लागेको बताए ।

प्राधिकरणका कार्यकारी निर्देशक घिसिंगले विद्युत महसुल भनेको २ रुपैयाँ मात्र हुन आउँने र त्यो स्थानीय पालिकाका लागि ठूलो कुरा नभएर निःशुल्क जस्तै भएको बताए । नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष चन्द्र प्रसाद ढकालले संघ ,प्रदेश र स्थानीय तहसँगको समन्वय बिना कुनै पनि उद्योग ,व्यवसाय सफल हुननसक्ने भएका कारण स्थानीय तह गम्भीर भएर लाग्नुपर्ने धारणा व्यक्त गरे ।

# पुस्तक व्यवसायीलाई प्रशिक्षण

**टुडे समाचारदाता**

जनकपुरधाम । धनुषाका पुस्तक व्यवसायीहरुको प्रशिक्षण एवम् समिक्षा बैठक सम्पन्न भएको छ ।

नेपाल पुस्तक तथा स्टेशनरी व्यवसायी महासंघद्वारा शनिबार आयोजित समिक्षा एवम् प्रशिक्षण कार्यक्रममा करीब एक सय पुस्तक व्यवसायीहरुको सहभागिता रहेको थियो ।

प्रसिद्ध प्रकाशन प्राइभेट लिमिटेड तथा वेदान्त पब्लिकेशनको संयुक्त संयोजनमा भएको सो बैठकमा पुस्तक व्यवसायीहरुलाई संचालन गर्दै आएको व्यवसायलाई अझै कसरी व्यवस्थित रुपमा व्यवसायिक बनाउनेबारे मोटिभेसनल तालिम



प्रदान गरिएको जानकारी महासंघ धनुषाका अध्यक्ष सरोज कुमार चौधरीले दिए ।

सहभागी पुस्तक व्यवसायीहरुलाई भारतको देहरादुनबाट आएका प्रशिक्षक ईन्जिनियर धीरज पजियार तथा सह-प्रशिक्षक जनकपुरधामका मनोज साहले सीपमुलक प्रशिक्षण दिएका थिए । यस प्रकारको प्रशिक्षणको संघले प्रथम पटक गरेको र यसले पुस्तक व्यवसायीहरुको मनोबल बढ्ने विश्वस व्यक्त गरेको अध्यक्ष चौधरीले बताए ।

उनले आगामी दिनहरुमा यस प्रकारका प्रशिक्षणहरु निरन्तर रुपमा आयोजना गरिने प्रतिबद्धतासमेत व्यक्त गरेका छन् ।

# ५२ जनालाई सूर्य नेपालद्वारा सम्मान

**टुडे समाचारदाता**

काठमाण्डु । नेपाली सेनाको नेतृत्वमा हालै सम्पन्न भएको 'सफा हिमाल अभियान' मा संलग्न नेपाली सेनाका सदस्य, शेर्पालगायतलाई सूर्य नेपाल प्रालिले सम्मान गरेको छ ।

गत चैत्रमा शुरु भइ यसै महिना सम्पन्न भएको यस वर्षको सफा हिमाल अभियानअन्तर्गत सगरमाथा, ल्होत्से, अन्नपूर्ण र बरुञ्चे हिमालको सफाइ कार्य भएको थियो । सूर्य नेपाल प्रालि, विभिन्न हिमालहरूबाट ३५ टन फोहोर संकलन गरिएको यस कार्यक्रमको अरु विभिन्न संस्थाहरूसँगै एउटा मुख्य साझेदार संस्था हो ।

बिहीबार एक सम्मान कार्यक्रम आयोजना गरी सूर्य नेपालले सफा हिमाल अभियानमा प्रत्यक्ष योगदान पुर्याउने ५२ जनालाइ विशेष सम्मान गरेको छ ।

कार्यक्रममा सूर्य नेपालले सफा हिमाल अभियानमा संलग्न हुँदा दिवंगत भएका दुईजना शेर्पा सहयोगीका परिवारलाइ एकरएक लाख नगद राशीसहित सम्मान




गरेको छ ।

कार्यक्रममा सफा हिमाल अभियानमा निधन भएका २ शेर्पा सहयोगीप्रति श्रद्धाञ्जली अर्पण गरिएको थियो भने सफा हिमाल अभियानको क्रममा घाइते भई उपचाररत नेपाली सेनाका ४ जना अधिकृत र जवानको शीघ्र स्वास्थ्य लाभको कामना गरिएको थियो ।

उक्त सम्मान कार्यक्रमको प्रमुख अतिथि रहेका नेपाली सेनाका बलाधिकृत रथी सरोज प्रताप राणाले सफा हिमाल अभियानमा निजी क्षेत्रबाट एउटा मुख्य योगदानकर्ताको रूपमा सहयोग पुर्याएकोमा सूर्य नेपाललाई धन्यावाद दिएका थिए ।

कार्यक्रममा सूर्य नेपालका प्रबन्ध निर्देशक रवि कुमार रायावारमले नेपालको पहिचानका रूपमा रहेको सर्वोच्च शिखर सगरमाथा लगायतका हिमाल सफा गर्ने जस्तो महत्वपूर्ण कार्यक्रममा कम्पनीको व्यावसायिक सामाजिक उत्तरदायित्वअन्तर्गत नेपाली सेनासँग सहकार्य गर्न पाएकोमा खुसी व्यक्त गरेका थिए ।

त्यसैगरी, कार्यक्रममा सूर्य नेपालका भाइस प्रेसिडेन्ट रवि केसीले सूर्य नेपालले आफ्नो व्यावसायिक सामाजिक उत्तरदायित्व निर्वाह गर्ने कार्यलाइ अत्यन्तै महत्व दिने गरेको र सफा हिमाल अभियानमा गरिएको सहयोग पनि त्यसैको निरन्तरता भएको बताएका थिए ।

# आगलागीमा ५२ लाखको क्षति

**टुडे समाचारदाता**

जलेश्वर । महोत्तरीको रामगोपालपुरमा आगलागी हुँदा लाखौंको क्षति भएको छ ।

रामगोपालपुर नगरपालिका-५का रेवि ठाकुरले संचालन गर्दै आएको फर्निचरमा शनिबार दिउँसो आगालागी भएको जिल्ला प्रहरी कार्यालय महोत्तरीले जनाएको छ ।

अचानक बिजुलीको तार सर्ट भइ आगलागी हुँदा काठ फर्निचर घर, घर भित्र बनाएर राखेको पलङ, खाट, टेबल, खुर्सी, फर्निचरमा प्रयोग गर्नको लागि राखिएको काठ,मेसिनहरू गरी ५० लाख रुपैयाँ बराबरको क्षति भएको जनाइएको छ ।

त्यसैगरी,दुई हजार बराबरको काठ समेत जलेर खरानी भएको छ ।

आगोलाई जिल्ला प्रहरी कार्यालय महोत्तरी र ईलाका प्रहरी कार्यालय रामगोपालपुर, गौशाला नगरपालिकाको दमकल, रामगोपालपुरको दमकल र स्थानीयवासीहरुको सहयोगमा नियन्त्रणमा लिइएको जिल्ला प्रहरी कार्यालय महोत्तरीले जनाएको छ ।

# विहानको कक्षा संचालन गर्न निर्देशन

**टुडे समाचारदाता**

कलैया । जीतपुरसिमरा उपमहानगरपालिकाले आइतबारदेखि बिहानको कक्षा संचालन गर्न निजी तथा सामुदायिक विद्यालयलाई



निर्देशन दिएको छ ।

गर्मीका कारण जेठ १६ गतेदेखि बिदा दिदैं आएको उपमहानगरपालिकाले सूचना जारी गर्दै आइतबारदेखि कक्षा संचालन गर्न निर्देशन दिएको छ ।

अर्को सूचना जारी नभएसम्म बिहान ६ बजेदेखि ९:३० बजेसम्म कक्षा संचालन गर्न उपमहानगरपालिकाले अनुरोध गरेको छ ।

गर्मी कम नभएपछि उपमहानगरपालिकाले बिदा लम्ब्याउँदै आएको थियो । लामो समयदेखि विद्यालय बन्द हुँदा पठनपाठन प्रभावित भएको छ ।

# क्षमता वृद्धिका लागि अघि बढ्न अध्यक्ष ओलीको सुझाव

काठमाण्डु । नेकपा (एमाले) का अध्यक्ष केपी शर्मा ओलीले महिला कर्मचारीलाई अधिकार प्राप्तिको सङ्घर्षसँगै क्षमता वृद्धिका लागि योजनाबद्धरुपमा अघि बढ्न सुझाव दिनुभएको छ ।

शनिवार यहाँ आयोजित नेपाल निजामति कर्मचारी सङ्गठनको दोस्रो राष्ट्रिय महिला भेलामा अध्यक्ष ओलीले कुनै पनि क्षेत्रमा सफल हुन क्षमता वृद्धि आवश्यक रहेको बताउनुभयो । "अधिकार प्राप्तिको सङ्घर्षसँगै क्षमता वृद्धि पनि आवश्यक छ, योजनाबद्ध ढङ्गले अधिकारसँगै क्षमतावृद्धिका प्रयास योजनाबद्धरुपमा अघि बढाउन यो भेला आयोजना भएको मैले ठानेको छु ।"

उहाँले हकअधिकार प्राप्त गर्न र प्राप्त अधिकारको संरक्षण हुनुपर्नेमा जोड दिनुभयो । नेकपा (एमाले) स्थापना कालदेखिनै समानताको पक्षमा लड्दै आएको भन्दै उहाँले समानताको मान्यताबाट आफूहरु पछि नहटने बताउनुभयो । उहाँले देश र जनताप्रति इमान्दार हुँदै सेवाभावले प्रेरित भइ काम गर्न महिला कर्मचारीलाई सुझाव दिनुभयो ।

उहाँले फुकोट-कर्णाली आयोजना भारतीय कम्पनीलाई दिइएकोप्रति असन्तुष्टि व्यक्त गर्नुभयो । "फुकोट कर्णाली आयोजना एकदमै सस्तो छ । कुदिरहेको नदीमै रिजर्भर नबनाइकन चार सय ८० मेगावाट बिजुली निकाल्न सकिन्छ । यो आयोजना नेपालले निर्माण गर्नेबारे मैले २०७६ मै निर्णय गरेको थिए", उहाँले भन्नुभयो ।

अध्यक्ष ओलीले सीमा नाकामा संयुक्त चेकजाँच पोष्ट निर्माणको काम आफ्नै कार्यकालमा सुरु भएको समेत दाबी गर्नुभयो । रासस

# महिलालाई सीपसहित उपकरण

**टुडे समाचारदाता**

राजविराज । कृषि उत्पादनमा वृद्धि,संरक्षण तथा पेशामा



आवद्ध महिलालाई प्रोत्साहन गर्ने उद्देश्यका साथ मधेश प्रदेशकी सांसद किरण कुमारी साहले सीपसहित महिला कृषकहरुलाई आवश्यक किटनासक स्प्रे मेसिन वितरण गरेकी छन् ।

शनिबार राजविराज नगरपालिका- ९ मलेठ स्थित जनचेतना राष्ट्रिय प्राथमिक विद्यालयमा आयोजित एक कार्यक्रम बीच सांसद साहले ७६ जना विपन्न सामुदायका महिला कृषकलाई सो सामग्री वितरण गरेकी छन् । उनकै संसदीय विकास कोषबाट स्थानीय जय लक्ष्मी गणेश कृषि सेवा केन्द्रमार्फत उक्त किटनासक स्प्रे मेसिन वितरण गरिएको वडाध्यक्ष जवाहर यादवले जानकारी दिए ।

कृषि उत्पादनको वृद्धि, उत्पादनको संरक्षण तथा महिला कृषकलाई खेतीपातीतर्फ आकर्षित गराई आत्मनिर्भर बनाउने उद्देश्यले उक्त कार्यक्रम ल्याइएको प्रदेश सांसद साहले बताइन् ।

सामग्री वितरण अघि यसको प्रयोग बारे तालिमसमेत दिएकी सांसद साहले यसको सदुपयोग गर्न आग्रह गरिन ।

कार्यक्रममा स्थानीय कृषक,जनप्रतिनिधि, सञ्चारकर्मी तथा कृषिसंग सम्बन्धित विभिन्न संघ संस्थाको प्रतिनिधिहरुको उत्साहजनक उपस्थिति रहेको थियो ।

# राष्ट्रिय कविता प्रतियोगितामा सिरहाका भट्टराई प्रथम


दमौली । गण्डकी वाङ्मय प्रतिष्ठान तनहुँको आयोजनामा दमौलीमा शुक्रबारदेखि सुरु भएको राष्ट्रिय कविता प्रतियोगितामा सिरहाका अविनाश भट्टराई प्रथम हुनुभएको छ ।

प्रतियोगितामा सङ्खुवासभाका सिजन श्रेष्ठ द्वितीय, झापाका केशव भट्टराई तृतीय हुनुभएको छ । रौतहटका मनोज विश्वकर्मा, चितवनका सिर्जन अविरल, मोरङका पूजा आराधना, तनहुँका प्रकाश रम्घाली, गोरखाका भरतबाबु ढकाल र सिन्धुपाल्चोकका सुन्दर शिरिष सान्त्वना हुनुभएको छ ।

प्रथम, द्वितीय र तृतीय हुने कविलाई क्रमशः रु ५५ हजार, रु ४० हजार र २५ हजार नगद प्रदान गरिनेछ । त्यस्तै सान्त्वना हुनेलाई जनही रु १० हजारका दरले पुरस्कार प्रदान गरिनेछ । उक्त पुरस्कार आज प्रदान गरिने गण्डकी वाङ्मय प्रतिष्ठानकी सचिव अन्जु दाहालले जानकारी दिनुभयो । साहित्यकार रमेश पौडेलको संयोजकत्वमा रहेको निर्णायक समितिले उत्कृष्ट कविता घोषणा गरेको हो ।

कविता प्रतियोगितामा देशभरबाट दुई सय ३७ कविता प्राप्त भएको थियो । दुई वर्ष अगाडि कार्यक्रम तय गरी कविता प्राप्त भएकामा सोही कवितालाई अहिले प्रतिस्पर्धामा सहभागी गराई घोषणा गरिएको प्रतिष्ठानका अध्यक्ष अर्जुन अधिकारीले जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "दुई वर्ष पहिला कार्यक्रम तय भई कविताहरू प्राप्त भएका थिए, त्यतिबेला कोभिडका कारण कार्यक्रम गर्न नसकेर स्थगित भयो, सोही कविता अहिले प्रतिस्पर्धामा सहभागी गराएर उत्कृष्ट घोषणा गरिएको हो ।"

सोही कार्यक्रममा गण्डकी वाङ्मय पुरस्कार २०७९ देखि वरिष्ठ साहित्यकार समालोचक नारायणप्रसाद गौतमलाई प्रदान गरिएको छ । विसं २०५४ मा स्थापना भएको यो संस्थामा स्थापित रु एक लाख अक्षयकोषबाट साहित्यकार गौतमलाई पुरस्कृत गरिएको हो । पुरस्कारको राशि रु १० हजार रहेको छ । रासस



**अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ । जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥**

## सम्पादकीय

# माओवादीको असन्तुष्टि

मधेश प्रदेश सरकारको सत्तासाझेदार माओवादी केन्द्रले प्रदेश सभाको बैठक बहिष्कार गरेर सरकारप्रतिको असन्तुष्टि सार्वजनिक गरेकोछ । सरकारले प्रदेशसभा मार्फत सार्वजनिक गरेको नीति तथा कार्यक्रममा छलफल नगरेको, सहमति नरहेको जनाउँदै बिरोध स्वरुप बैठक बहिष्कार गरे । माओवादी सरकारमा एउटा मन्त्रालयसहित सहभागी छ । माओवादीकी नेतृ सुनिता यादवले सरकारमा पार्टीको नेतृत्व गरिरहेकी छन् । तर संसदीय दलका नेता भरत साहले त्यसलाई सहज रुपमा पचाउन सकिरहेका छैनन् । उनी स्वयं मन्त्री बन्न चाहेका छन् । मधेश प्रदेशको राजनीतिमा भरत साह माओवादी केन्द्रमा रहे पनि आम पार्टीका अध्यक्ष रहेका प्रभु साहको लाइनमा चलेका छन् । माओवादीलाई सरकारमा सहभागी गराउने निर्णय हुँदा साहले आफ्नो नाम सिफारिस गरेका थिए । तर केन्द्रले उनको नामलाई सहमति नदिएपछि यादवलाई मन्त्री बनाइएको हो । सरकार बिरुद्ध अनेक प्रपञ्च गर्दै आएका साहले दलको बैठक बिना नै निर्णय गर्न थालेको आरोप लाग्दै आएको छ । मधेश प्रदेश सरकारमा माओपादी दलका नेताको रुपमा साहको भूमिकालाई पार्टी भित्रै व्यापक आलोचना हुने गरेको छ । सरकारमा रहेर सरकार बिरुद्ध गतिविधि गर्न गठबन्धनका कुनै पनि दलका नेतालाई नैतिक रुपमा मिल्दैन् । सरकार छाडेर सडकमै विरोध गरे पनि त्यो सहज नै हुनेछ ।तर सरकारमा रहेर सरकारको विरोध गर्दा त्यसले गठबन्धनको धर्म र मान्यतालाई समेत धुमिल्याउनेछ । माओवादी र जनता समाजवादी पार्टी( जसपा)बीच राजनीतिक सम्बन्ध मधुर मानिन्छ । माओवादीका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' र जसपाका अध्यक्ष उपेन्द्र यादवबीचको सम्बन्ध कतिपय विषयमा फरक रहेको छ । तर मधेश प्रदेशमा त्यस भन्दा भिन्न किसिमको गतिविधि माओवादी दलका नेताको देखिएको छ । विपक्षी दलका सभासदहरुले समेत सरकारको नीति तथा कार्यक्रमलाई सन्तुलित र प्रदेशको हितमा रहेको बताइरहेका बेला माओवादीले बैठक नै बहिष्कार गर्नु पछाडिको कारण सामान्य हुन सक्दैन् । सरकारमै रहेर सदनमा सरकारको विरोध गर्ने माओवादीको दोहोरो भूमिका देखिएको छ । गत सरकारमा साह गृह तथा सञ्चार मन्त्री थिए । उनले गृह र सञ्चार कुनै क्षेत्रका लागि काम गर्न सकेनन् । सञ्चारको बजेट आसेपासेलाई राखेर स्वयं हजम गरेका थिए । उनको भूमिकाले सरकार बदनाम नै भएका थिए । फेरि उनी मन्त्री बन्न अनेक उपायमा लागेको आरोप पार्टी भित्र लागिरहेको अवस्था छ । माओवादी केन्द्रले देश हाँकिरहे पनि गठबन्धनमा विश्वस्त भने रहेको छैन् । प्रधानमन्त्रीका लागि एमालेसितको गठबन्धन र त्यसलाई भत्काएर कांग्रेससितको गठबन्धनले सकारात्मक सन्देश दिएको छैन् । गठबन्धनको एउटा मर्यादा हुन्छ र त्यसमा नै सबै दल बाँधिएका हुन्छन् । त्यो मर्यादा भंग भएपछि अनेक समस्या उत्पन्न हुने गर्छ । माओवादीले कोशी प्रदेशमा पनि गठबन्धनको धर्म विपरीत एमालेसित सरकारमा रहेको थियो । जसपाले त्यहाँ सरकार छाडेपछि मात्र माओवादी हटेका हुन् । मधेश प्रदेशका नेताहरुले त्यसबाट पाठ सिक्नु आवश्यक छ ।

# नेपालमा फिजीकरण र लेण्डुपको भुतको डर



**प्रभाषचन्द्र झा**
**वरिष्ठ पत्रकार**

नेपालमा नागरिकताको विषय पुनः बल्झिएको छ । जन्मसिद्ध नागरिकका सन्तान र वैवाहिक अङ्गीकृतलाई सामान्य ढङ्गले नागरिकता प्रदान गर्दा राष्ट्रियतामाथि आँच पुग्ने र मुलुक फिजीकरण हुनेछ भनेर एकपक्षको दावी छ । आवश्यकताभन्दा बढी राजनीतिकरण हुँदा नागरिकताको समस्या समाधान हुनुको सट्टा बल्झिँदै गएको छ । उदारवादी सोच राखेर संविधान निर्माण गर्‍यो । संविधानको धारालाई टेकेर नागरिकतासम्बन्धी ऐन निर्माण भयो । राष्ट्रघातसँग जोडेर हेर्दा प्रमाणीकरण भएका विधेयक एकपटक धरापमा पनि पर्‍यो । अव, पुनः सो विधेयक राष्ट्रपतिबाट प्रमाणीकरण भएपछि एमाले, राष्ट्रिय स्वतन्त्र पार्टी र राप्रपा विरोधमा उत्रेको छ ।

२०७८ सालमा सत्ताधारी दल एमालेभित्र आन्तरिक विवादले पार्टी विभाजनको सङ्घारमा पुगेको थियो । तत्कालीन प्रधानमन्त्री केपि ओली नेतृत्वको सरकारबाट माओवादी केन्द्रले आफ्नो समर्थन फिर्ता लियो । ओलीलाई बहुमत पुर्‍याउनका लागि मधेशकेन्द्रीत दल लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा)को समर्थन चाहिएको थियो । लोसपाले नागरिकतासम्बन्धी मागलाई पुरा गर्नुपर्ने शर्त राख्यो । त्यसपछि, ओलीले नागरिकतासम्बन्धी पेश गरेको अध्यादेशलाई तत्कालीन राष्ट्रपति विद्यादेवी भण्डारीले अविलम्ब प्रमाणीकरण गरेको थियो । सर्वोच्चमा रिट परेपछि त्यो अध्यादेशको कार्यान्वयन स्थगित भयो । शेरबहादुर देउवा प्रधानमन्त्री भएपछि केपि ओलीको सरकारद्वारा अध्यादेशमा समेटिएका विषयवस्तु हुबहुँ राखेर गैरआवासीय नागरिकको सन्दर्भमा केही बुँदा थपेर नागरिकता विधेयक दुवै सदनबाट पारित गराइ प्रमाणीकरणका लागि तत्कालीन राष्ट्रपति भण्डारीसमक्ष पठाएको थियो । राष्ट्रपति भण्डारीले पहिलोपटक फिर्ता गर्‍यो । दोश्रोपटक प्रमाणीकरण गर्नुपर्नेमा नगरी यथास्थितिमा राख्यो । केही दिनअघि राष्ट्रपति रामचन्द्र पौंडेलले थाँति राखिएका सो विधेयकलाई प्रमाणीकरण गर्‍यो । लगत्तै, उक्त विधेयकको कार्यान्वयनमा रोकको माग गर्दै सर्वोच्च अदालतमा रिट पर्‍यो । गत, आइतवार, सर्वोच्च अदालतले तत्काल कार्यान्वयन नगर्नका लागि अल्पकालीन आदेश जारी गर्‍यो । अव, अदालतले प्रमाणीकरणको कागजात झिकाउने आदेश जारी गरेको छ ।

तत्कालीन राष्ट्रपति विद्यादेवी भण्डारीले किन प्रमाणीकरण नगरेको र हाल, राष्ट्रपति रामचन्द्र पौंडेलले किन गरेको सन्दर्भमा संसदभित्र र बाहिर आरोप प्रत्यारोप जारी छ । प्रतिपक्ष एमालेले निष्कृय भइसकेका विधेयकलाई राष्ट्रपति अधिकारी प्रमाणीकरण गरेर संविधानविपरीत कार्य गरेको भनेर आवाज उठाएको छ भने स्वतन्त्र साँसद अमरेशप्रसाद सिँहले तत्कालीन राष्ट्रपति विद्यादेवी भण्डारीले दोश्रोपटक पनि विधेयकलाई पारित नगरेकाले कारवाहीको माग गरेको छ । राष्ट्रिय स्वतन्त्र पार्टीले वैवाहिक अङ्गीकृत नागरिकता सात बर्ष बसाइ पुरा गरेपछि मात्र दिनुपर्ने नत्र राष्ट्रघात हुने धारणा राख्दै सो विधेयकको विरोधमा उत्रेको छ । एमालेका नेता एवम् साँसद योगेश भट्टराईले राष्ट्रपति एक संस्था हो । राष्ट्रपति संसद्भन्दा माथि छैन् । मृत भइसकेका विधेयकलाई राष्ट्रपति पौंडेलले कुन आधारमा प्रमाणीकरण गर्‍यो भनेर प्रतिप्रश्न गरेको छ । योगेशको दृष्टिमा सो विधेयक मृत भयो । संविधानको कुन धाराअन्तर्गत मृत भयो भनेर जानकारी गर्नुपर्ने होइन् र । राष्ट्रपति संसद्भन्दा माथि छैन् भनेर व्यङ्ग्य गर्ने अनि विद्या भण्डारीले दोश्रोपटक पनि विधेयकको प्रमाणीकरण नगर्दा के भन्ने ? के उनी साँसदभन्दा माथि थिइन् । यस्तै, दोहोरो चरित्रले गर्दा मुलुक अधोगतिमा पुग्न लागेको हो ।

संविधानले विधेयकलाई दोश्रोपटक प्रमाणीकरण गर्न भनेको छ । नगरे के हुन्छ भन्ने विषयमा मौंन छ । भारतको संविधानमा पनि यस्तै व्यवस्था छ । दोश्रोपटक पनि प्रमाणीकरण नगर्दा गलत नजिर बस्यो । भविष्यमा कुनै राष्ट्रपतिको यस्तै कुनै विधेयकमाथि चित नबुझेको अवस्थामा वा मन नपरेको मन्त्रीको शपथ नगराउने सोचाइ बनाइयो भने के हुने ?

कुनैपनि विधेयकलाई दोश्रोपटक फिर्ता गर्ने अधिकार संविधानले दिएको छैन् । राष्ट्रपति पौंडेलले सो विधेयक फिर्तागर्न सक्दैन्थ्यो । सरकारसमक्ष पनि संवैधानिक सङ्कट थियो । किनभने, एकपटक दुवै सदनबाट पारित कुनैपनि विधेयकलाई पुनः छलफलका लागि संसद्मा कसरी पेशगर्ने विषयमा संविधानमा कुनै प्रावधान छैन् । दुवै सदनबाट पारित विधेयक मृत पनि नहुने अवस्थामा अर्को विधेयक कुन आधारमा संसदमा पेश गर्ने भन्ने जटिल संवैधानिक प्रश्न पनि छ । एउटा नागरिकता विधेयक राष्ट्रपतिको कक्षमा छ । त्यसको कुनै न कुनै रुपमा टुङ्गो नलगाइकन अर्को नागरिकता विधेयक पुनः संसद्मा पेश गर्दा संविधानको बर्खिलाफ हुन्छ । सरकारले अर्को विधेयक ल्याएको भए, प्रमाणीकरण भएका विधेयक हुँदाहुँदै सोसम्बन्धी अर्को विधेयक कानुन विपरीत रहेको भनेर निश्चित रुपमा सर्वोच्चमा रिट पर्ने थियो ।

जन्मसिद्ध नागरिकको सन्तानलाई कानुन बनाएर नागरिकता प्रदानगर्ने संविधानमा उल्लेख गरिएको छ । नागरिकता दिनु थिएन् भने जन्मसिद्ध नागरिकता वितरण गर्नु हुँदैन्थ्यो । उनीहरुको पीडा कसले बुझ्ने ? उनीहरु हाँसोको पात्र बनेको छ । कतिपय व्यक्ति रमाइरहेका छन् । हामी नेपालीहरु के बोल्छौं ? के गर्छौ ? यसको दुरुगामी प्रभावको बारेमा विचार गर्दैनौं ।

अर्कोतर्फ, वैवाहिक अङ्गीकृत नागरिकता सात बर्षपछि दिनुपर्छ भनेर एकपक्षबाट जोडतोडका साथ आवाज उठाइएको छ । उनीहरुको नजरमा विवाहलगत्तै वैवाहिक अङ्गीकृत नागरिकता दिएमा राष्ट्रघात हुनेछ । राष्ट्रियता खतरामा पर्नेछ । भारतीय महिलाहरु नेपालमा विहे गरेर यो मुलुकलाई फिजीकरण गरिदिनेछ । पहिलोचोटी सुनिएको छ कि विहेको बलमा राष्ट्र कब्जा हुन्छ, अरे, । अहिलेसम्म कुनै विवाहिता भारतीय महिलाबाट नेपालको राष्ट्रियता खतरामा परेको कुनै प्रमाण पनि छैन् । गृह मन्त्रालयको प्रतिवेदनको आधारमा २००७ सालदेखि अहिलेसम्म हाराहारी पाँच लाख वैवाहिक अङ्गीकृतको तथ्याङ्क छ । यो तथ्याङ्कको आधारमा खासै भारतीय महिला भित्रिएको देखिएन् ।

कुनै भारतीय विवाहिता महिलालाई सात बर्षसम्म नागरिकता प्रदान नगर्दा राज्यप्रति उनको मनमा नकारात्मक भावनाले ठाउँ लिनेछ । एक किसिमले सात बर्षसम्म उनको परीक्षणमा राख्न खोजिएको हो । त्यसपछि, नागरिकता दिँदा ति महिला राष्ट्रवादी हुने ? यो कस्तो किसिमको उल्टो सोचाई हो । त्यो सात बर्षको अवधिमा उनी आफूलाई असहाय महशुस गर्छन् । कुनै कारणवश ! सम्बन्धविच्छेद अन्य कुनै समस्या सृजना भयो भने के हुने डर ति महिलाको मनमा रहिरहनेछ । सात बर्षपछि नागरिकता पाएपनि उनको मनमा राज्यप्रति प्रेम र सद्भावमा निश्चित रुपमा कमी हुनेछ । अर्कोतर्फ, वैवाहिक महिलाबाट राष्ट्रघातको कुरा उठाएर नेपालको मधेशी समुदायमाथि त्यो पक्षलाई विश्वास नरहेको स्पष्ट हुन्छ । परापूर्वकालदेखि नेपाल र भारतबीच चल्दै आएको वैवाहिक सम्बन्धलाई तोड्ने उद्देश्यले यस्ताखाले कडा प्रावधान ल्याउन खोजिएको हो । राजा महेन्द्रले यस्तै प्रावधान राखेको थियो । उतिखेर, नागरिकताको खासै महत्व थिएन् । जग्गा खरिद विक्रीमा पनि नागरिकताको आवश्यकता पर्दैन्थ्यो । जागिर गर्ने कुरै थिएन् । अव, समय फेरिएको छ । अहिले नागरिकता प्रमाणपत्रको पाइला

> **भारतले संसद्मा सम्राट अशोकको कार्यकालको राखिएको नक्सामा लुम्बिनी र विराटनगरपनि उल्लेख गरेको छ । सोको प्रतिउत्तरमा अव, नेपालमा 'ग्रेटर नेपाल'को नक्सा संसद्मा राख्नुपर्ने आवाज उठेको छ । काठमाडौंका मेयर बालेन साहले ग्रेटर नेपालको नक्सा आफ्नो कार्यकक्षमा झुण्डाइपनि सक्यो । संसद्मा सो नक्सा राखेपछि नेपालको जिम्मेवारीपनि थपिनेछ । दुई सय बर्ष अघिको नेपालको सो भूभागको जनताको ख्याल राख्नुपर्ने नेपालको कर्तव्यपनि हुन जान्छ । ग्रेटर नेपालका तत्कालीन नागरिकका सन्तान यतिखेर, जन्मसिद्ध नागरिक रुपमा रहेको र उनीहरुका सन्तान नागरिकताका लागि भौंतारिरहेका छन् । ग्रेटर नेपालको नक्सा राख्ने अनि दुई सय बर्ष अघिका नेपालीका सन्तानलाई नागरिकता नदिने ? अव, यो प्रश्नले ठाउँ पाएको छ ।**

पाइलामा आवश्यकता पर्छ ।

भारतमा सात बर्षपछि नागरिकता दिने गरेकाले नेपाललाई पनि सोही अनुसार दिनुपर्छ भन्ने तर्क दिइन्छ । भारतमा सो प्रावधान महिला र पुरुष दुवैको लागि हो । अर्को कुरा भारतमा सवैको लागि नागरिकताको प्रावधान छैन । नेपाली विवाहित महिलाहरुलाई भारतीयसरह नै सम्पूर्ण अधिकार प्राप्त छ । अहिलेसम्म कुनैपनि नेपाली महिलालाई भारतमा सुविधाबाट बञ्चित गरिएको कुनै प्रमाण कसैसँग छ, जस्तो लाग्दैन् । नेपालमा थुप्रै भारतीय विवाहित महिलासँग विभेदको अनेकौं प्रमाणहरु छन् । मधेशी समुदायको भारतको विहार र उत्तरप्रदेशतर्फ विहेवारी हुने गर्छ । झापालगायत पूर्वी क्षेत्रका पहाडी समुदायमध्येबाट कतिपयको विवाह बङ्गालको सिलिगुडि, दार्जिलिङ् कालिङपोङ, आसाम, मेघालयलगायत नेपाली भाषाभाषी समुदायबीच जारी छ । पश्चिम नेपालको कतिपय छोराछोरीको विहेवारी उत्तराखण्ड र हिमाचल प्रदेशमा हुने गर्छ । समग्रमा भन्नुपर्दा, नेपालका सवै समुदायको भारतमा विहेवारी भइरहेको यथार्थ हो ।

वैवाहिक सम्बन्धले दुई परिवारबीच प्रगाढ सम्बन्ध स्थापित गर्छ । सर्वसाधारण गरिव परिवारले पनि आफ्नो छोरीको लागि वर (बेहुला)को आर्थिक क्षमता, योग्यता र परिवारिक पृष्ठभूमिलाई पहिलो प्राथमिकतामा राख्छन् । मधेशी समुदायमा अधिकांस आमावुवाले छोरीको सुखमय जीवनका लागि घडेरी बेच्न पनि तयार रहन्छ । छोरीको जीवन सुखमयका लागि केटाको रङग, अनुहार, व्यवहार र उचाइसमेतको ख्याल गरिन्छ । कसैले केटी हत्तपत्त दिँदैनन् ।

तीन दसक पहिले नेपालमा शान्ति छ भनेर भारतीयहरु नेपालमा छोरीको विवाहका लागि स्वजातीय वरको लागि प्रयासरत् रहन्थ्यो । माओवादीको जनयुद्ध शुरु भएलगत्तै भारतीयहरु हच्किएका थिए । शुरु शुरुमा नेपालीहरुको तलव र सुविधाबारे धेरै भारतीयलाई थाहा रहेनछ । अव त धेरै कुरा थाहा पाइसकेका छन् । सरकारी जागिर भएपनि नेपालको सुब्बाभन्दा बढी तलव त्यहाँको कार्यालय सहयोगीको छ । अर्कोतर्फ, नेपालमा अत्यधिक महङ्गी छ । जहिलेपनि बन्द हडताल र तोडफोडको घटनाले मुलुकको छविमा नकारात्मक प्रभावपनि परेको छ । तीनदसक अघिको तुलनामा विहेवारी पचास प्रतिशत घटेको सहजै अनुमान गर्न सकिन्छ ।

अर्को वास्तविकता के छ भने अधिकांस शिक्षित युवतीहरु हत्तपत्त भारतमा विहे गर्न तयार छैन् । उनीहरु आफ्नो शिक्षाको उपयोग नेपालमैं गर्न खोजेको छ । शिक्षित केटाहरुपनि नेपालकै बधु भए कमसेकम आवासीय विद्यालयमा पढाउन सकिन्छ भन्ने अधिकांसको सोचाइ देखिन्छ । यस्तै,अधिकांस भारतको शिक्षित अविवाहितहरु सोचाइ देखिएको छ । अहिले, भारत विश्वको पाँचौं अर्थतन्त्रको मुलुकको हो । त्यहाँका उद्योगहरुमा रोजगारको खासै अभाव छ, जस्तो लाग्दैन् । भारतीयहरु आउन छोडेपछि कतिपय शिक्षित युवाहरुको विवाहको उमेर छिप्पिन लागेको छ । सत्य यहि हो ।

नागरिकता ऐन २०६३अनुसार, ४९ जिल्लामा एक लाख ९० हजार ७२६ जनालाई जन्मसिद्ध नागरिकता बाँडिएको थियो । मुलुकमा २१ जिल्लामा खासगरी, मधेशी समुदायको वसोवास छ । मुलुकको ४९ जिल्लामा जन्मसिद्ध नागरिकता पाउनेहरु छन् । सवैभन्दा बढी झापामा र पहाडी जिल्लामा पनि जन्मसिद्ध नागरिक छन् ।

मधेश आन्दोलनपछि नागरिकता टोली खटिएपछि गृहमन्त्रालयको तथ्याङ्कअनुसार मुलुकभरमा वितरण गरिएका ४० लाख नागरिकतामध्ये मधेशका जिल्लाहरुमा करिव तेह्र लाखलाई नागरिकता प्रदान गरिएको थियो ।

नेपालमा नागरिकता ऐन २००९बाट शुरु भएको हो । २०१९ को संविधानको भाग २ मा नागरिकतासम्बन्धी प्रावधान राखिएको थियो । २०२०मा नागरिकतासम्बन्धी ऐन आयो । २००९देखि अहिलेसम्म नागरिकतासम्बन्धी तीनवटा ऐन, सातवटा नियमावली आइसकेका छन् । पाँचवटा संविधान फेरिएका छन् । २०२०को नागरिकता ऐनलाई २०२४, २०३३, २०३८, २०४६ र २०४९ गरी पाँचपटक संशोधन गरिएको छ ।

डा. हर्क गुरुङ, धनपति उपाध्याय, महन्थ ठाकुर र जितेन्द्रनारायण देवको संयोजकत्वमा बेग्लाबेग्लै चारवटा आयोग र समिति बनेका छन् ।

### के भारतीय विवाहिता महिलाको कारण नेपाल फिजीकरण हुनेछ ?

पहिलो कुरा त फिजी के हो ? कहाँ छ ? यसको आवादी कति छ ? कति भारतीय मूलका मानिस छन् ? कसरी भारतीय त्यहाँ पुगे ? त्यसको इतिहास बुझ्नु आवश्यक छ । सुन्यो कि हान्यो ? हाम्रो मानसिकता छ ।

दक्षिण प्रशान्त महासागरको द्विपीय देश हो 'फिजी' यसको कुल आवादी नौं लाखको हाराहारीमा बल्लतल्ल पुगेको छ । यो द्विप १८७४मा विट्रिसको उपनिवेश बन्यो । अत्यन्त आर्थिक रुपले ग्रसित सो द्विपमा उखुलगायत कृषि क्षेत्रमा कार्य गर्नका लागि सन् १८७९ देखि सन् १९१६सम्म गरी ३७ बर्षको अवधिमा भारतबाट ६१ हजार मजदुर लगिएको थियो । ति मजदुरहरुले कृषि क्षेत्रमा आत्मनिर्भरता प्रदान गर्दै व्यापार व्यवसायमा पनि संलग्न भयो । त्यहाँ स्थानीयहरुको जग्गा करारमा लिएर खेती गर्न थालेको थियो । सन् १९७०मा विट्रिसको हकुमतबाट स्वतन्त्र भएपछि कामिसी मारा प्रधानमन्त्री बनेका थिए । फिजीका नागरिक र भारतीय नागरिकको सङ्ख्या बरावरमा थियो । भारतीय नागरिकको समर्थनमा सन् १९८७मा टिमोसी बाव्रद प्रधानमन्त्री बनेका थिए । उनको मन्त्रिमण्डलमा अत्यधिक भारतीयमूलका मन्त्री थिए । कर्नल सितिवैनी रावुकाले सत्तापलट गर्‍यो । त्यसपछि, ७० हजार भारतीयहरु त्यहाँबाट पलायन भयो । फिजीको आर्थिकक्षेत्र तहसनहस भयो । अन्तर ाष्ट्रिय क्षेत्रले सम्बन्धविच्छेद गरेपछि पुनः प्रजातन्त्रको स्थापना भयो । केहीदिनअघि प्रधानमन्त्री सितिवैनीले सन् १९८७को घटनाप्रति आम माफी मागेका छन् । नेपाललाई फिजीसँग जोड्नु कहाँसम्म उचित हो ? जोड्नै पर्‍यो भने लिच्छवीकालसँग जोड्नुपर्ने हो ।

पाँचौं शताब्दीमा लिच्छवीहरु विहारको वैशालीबाट उपत्यका छिरेर राज्य स्थापना गर्‍यो । फिजीमा भारतीयहरु पुग्दा फिजीकरण भएको भनियो । त्यस दृष्टिकोणले पाँचौं शताब्दीमैं उपत्यकामा 'विहारीकरण' भयो । लिच्छवीकाललाई नेपालको स्वर्णिम कालको रुपमा चिनिन्छ । बाह्रौ शताब्दीमा ग्यासुद्दीन तुगलकले बाराको सिम्रोनगढका मिथिलाभाषि राजालाई पराजित गरेर राज्य कब्जामा लिएको थियो । त्यसपछि, त्यहाँका राजा उपत्यकामा शरण लिएका थिए । कालान्तरमा उपत्यकामा उनीहरुले राज्य कब्जा गर्‍यो । राणाहरुको पूर्खा राजस्थानको चितौंडको हो । शाहवंश राजस्थानको मेवाडका हुन् । यी कुराहरु नेपालको पुरानो इतिहासमा उल्लेख गरिएको छ । अहिलेको नयाँ इतिहासमा नेपालीकरण गरिएको छ ।

### ग्रेटर नेपालको नक्सा

भारतले संसद्मा सम्राट अशोकको कार्यकालको राखिएको नक्सामा लुम्बिनी र विराटनगरपनि उल्लेख गरेको छ । सोको प्रतिउत्तरमा अव, नेपालमा 'ग्रेटर नेपाल'को नक्सा संसद्मा राख्नुपर्ने आवाज उठेको छ । काठमाडौंका मेयर बालेन साहले ग्रेटर नेपालको नक्सा आफ्नो कार्यकक्षमा झुण्डाइपनि सक्यो । संसद्मा सो नक्सा राखेपछि नेपालको जिम्मेवारीपनि थपिनेछ । दुई सय बर्ष अघिको नेपालको सो भूभागको जनताको ख्याल राख्नुपर्ने नेपालको कर्तव्यपनि हुन जान्छ । ग्रेटर नेपालका तत्कालीन नागरिकका सन्तान यतिखेर, जन्मसिद्ध नागरिक रुपमा रहेको र उनीहरुका सन्तान नागरिकताका लागि भौंतारिरहेका छन् । ग्रेटर नेपालको नक्सा राख्ने अनि दुई सय बर्ष अघिका नेपालीका सन्तानलाई नागरिकता नदिने ? अव, यो प्रश्नले ठाउँ पाएको छ ।

ग्रेटर नेपालको नक्साले 'अखण्ड मिथिला'को परिकल्पना पनि साकार पारेको छ । अव, नेपाललाई आफ्नो पाइला मजबुतिका साथ राख्नुपर्छ । सन् १९४७मा अङ्ग्रेजले तत्कालीन राणा शासकलाई सो गुमेको भुभाग फिर्ता गर्न खोजेको थियो । उतिखेर, राणा शासकले लिने इच्छा प्रकट गरेन् । उक्त भुभाग भारतबाट फिर्ता ल्याउनका लागि सर्वोच्चमा मुद्धापनि परेको थियो । मुलुकमा गणतन्त्र छ, अव, दरिलो ढङ्गले भारतसमक्ष माग गर्नुपर्छ । ग्रेटर नेपालको नक्सामा विहारको राजधानी पटनानजिकको दानापुर जिल्लासम्म नेपाल थियो । उत्तर प्रदेशका दक्षिण र पश्चिम क्षेत्रका समतल भुभागका साथै पश्चिम बंगाल र बङ्गलादेशका दुई जिल्ला समेत पर्छ ।

सन् १८१४ देखि १८१६ सम्म नेपाल र विट्रिस भारतबीच युद्ध भएको थियो । सन् १८१६मा सुगौंली सन्धिपछि नेपालको धेरै ठूलो भूभाग गुम्यो । उतिखेर, मुलुकको प्रधानमन्त्री भिमसेन थापा थियो । नेपालको राजनीतिमा पाण्डे र थापाखलकबीच टाउको काटकाटसम्म लडाइ थियो । चीनसँगको सन्धिमा नेपालमाथिको आक्रमणलाई चीनले आफूमाथि आक्रमणको रुपमा हेर्नेछ भन्ने खालको बुँदा राखिएको थियो । थापा ढुक्क थिए कि आवश्यक पर्दा चीनले सहयोग गर्छ । दुई बर्षसम्म युद्ध जारी रह् दापनि चीनले कुनैपनि प्रकारको सहयोग गरेन् ।

भिमसेन थापा कमजोर पर्न थालेपछि इस्ट इन्डिया कम्पनीको सेनामाथि आक्रमणको शुभारम्भ गरेको आरोप छ । दक्षिणको दुई सीमावर्ती गाउमाथि नेपालले दावी गर्दै विट्रिस इन्डियाको सेनामाथि आक्रमण गरेको थियो ।

इष्ट इन्डिया कम्पनीसँग युद्ध गरेर धेरै ठूलो भूभाग गुमाएको भएपनि भिमसेन थापालाई 'राष्टवादी' को रुपमा सम्मान गरिन्छ । किनभने, उनले विट्रिस इन्डियासँग युद्ध गरेको थियो । बडो गज्जव छ, उनले कुर्सी बचाउन र अर्काको बहकाउमा आएर नेपालको यत्रो ठूलो भूभाग गुम्यो । कुन आधारमा राष्ट्रप्रति समर्पित व्यक्ति भन्ने ?

### नेपालमा लेन्डुप दोर्जेको चर्चा

भारतसँग कुनै सम्झौता वा खासगरी, पहाडी समुदायका नेता भारतको पक्षमा बोल्यो कि उनलाई 'लेन्डुप दोर्जे'को संज्ञा दिने चलन छ । नेपालमा लेन्डुप दोर्जेको चर्चा जहिलेपनि जतिखेरपनि भइरहन्छ ।

नागरिकता विधेयकको प्रमाणीकरणपछि राष्ट्रपति पौंडेल र प्रधानमन्त्री प्रचण्डलाई लेन्डुप दोर्जेको संज्ञा दिइएको छ । प्रजातन्त्रको पुनःस्थापनापछि आफूलाई कट्टर राष्ट्रवादी भनिनेहरुले सवैभन्दा बढी यो शब्दको प्रयोग गर्दै आइरहेको छ । लेन्डुप दोर्जेले सिक्किमलाई भारतमा विलय गराउनमा निर्णायक भूमिका खेलेको कारण उनलाई नेपालमा भारतीय दलाल र देश बेचुवालगायत अतिनिम्न कोटी शब्दले गाली गर्ने गरिन्छ ।

सन् १९६२मा चीनले सेनाको वलमा तिब्बतलाई आफ्नो भुभागमा समाहित गरेको थियो । त्यो बेलामा बौद्ध धर्मगुरु दलाइ लामासहित लाखौं तिब्बतीहरु भारतमा शरण लिन पुगेका थिए । पाँच हजारभन्दा बढी तिब्बतीहरु नेपालमा पनि शरण लिए थिए, अहिलेपनि काठमाडौंको शरणार्थी शिविरमा उनीहरु छन् । सिक्किमको भारतमा विलयपछि न त कोही शरणार्थी भए, न त्यहाँ जनता विरोधका लागि सडकमा उत्रिए । भारतमा विलय भएको ४३ बर्ष पुरा भएको छ । सिक्किम भारतको एक विकसित र समृद्ध राज्यको श्रैणीमा पर्छ । लाखौं पर्यटकहरु बर्षेनी भित्रिने गर्छन् । लोन्डुप दोर्जे नेपालीको नजरमा दलाल भएपनि सिक्किम जनताले उनलाई सम्मानको नजरले हेर्छन् ।

सिक्किमको ३२ सदस्यीय विधानसभामा ३१ सिटमा सिक्किम काँग्रेसको सदस्य थियो । काजी लेन्डुप दोर्जे पहिलो निर्वाचित प्रधानमन्त्री बनेका थिए । सन् १९७५को १४ अप्रिलमा भारतमा विलयका लागि विधानसभामा पेश गरिएका प्रस्तावमा ३१ सदस्यले सो प्रस्तावको पक्षमा मतदान गरेको थियो । त्यसको दुई दिनपछि विधिवत रुपमा सिक्किम भारतको २२ औं राज्यको रुपमा परिणत भयो । राजा चौंङ्गयालको शासन समाप्त भयो । सन् १९६२ मा तिब्बतमाथि चीनले आधिपत्य जमाएपछि कतै सिक्किमलाई पनि कब्जा गर्ने चर्चा चुलिँएको थियो ।

नेपालमा सिक्किम भारतमा विलयको विषयलाई 'भारतीय विस्तारवाद'को रुपमा हेर्छ । सोही पक्षले तिब्बतको सम्बन्धमा चीनको आन्तरिक मामिलाको रुपमा हेर्छन् ।

नेपाल र सिक्किमबीच साँस्कृतिक सम्बन्धपनि थियो, हुन त अहिलेपनि छ । त्यसकारण, नेपालीहरु बढी आक्रोसित हुनु स्वभाविक पनि हो । तर, उहिलेको सिक्किम र अहिलेको सिक्किममा धेरै फरक छ । पृथ्वीनारायणलाई राष्ट्रनिर्माताको रुपमा सम्मान गरिन्छ । तर, एक पक्षको दृष्टिकोण बेग्लै छ । गणतन्त्र आएपछि, राजावादी राप्रपा एक शक्तिको रुपमा देखिएपछि पन्द्रह बर्षपछि पृथ्वीनारायणको जन्मदिनको उपलक्ष्यमा पुस २७ गते सार्वजनिक विदा दियो । यसअघि किन दिएन ? माओवादी जनयुद्धमा मारिएका माओवादीलाई सरकारले आतङ्कवादी भन्थे भन्ने माओवादीको नजरमा उनले वीरगति प्राप्त गरेको भनेर शहीदको रुपमा पहिचान दिन्थ्यो । सवैको आ-आफ्ना हेर्ने दृष्टिकोण हुन्छ । अहिले विगतका कुरामा नअल्झेर नागरिकतासम्बन्धी समस्यालाई तार्किक ढङ्गले समाधान गर्नुपर्छ । 'इतिश्री' !

# समानुपातिक प्रणालीलाई व्यवस्थापन गर्न संविधान संशोधन आवश्यक : सभापति देउवा



काठमाण्डु। नेपाली काँग्रेसका सभापति एवम् पूर्वप्रधानमन्त्री शेरबहादुर देउवाले समानुपातिक प्रणालीलाई व्यवस्थापन गर्न संविधान संसोधन आवश्यक भएको बताउनुभएको छ। प्रत्यक्ष निर्वाचितलाई प्रतिनिधिसभामा र समानुपातिकलाई राष्ट्रियसभामा लैजाने गरी व्यवस्था गर्न त्यसका लागि संविधान संशोधन गर्नुपर्नेमा उहाँले जोड दिनुभयो।

नेपाली कांग्रेस भक्तपुर जिल्ला कार्यसमितिले शनिवार यहाँ आयोजना गरेको कांग्रेस भक्तपुर जिल्ला सम्मेलनको उद्घाटन गर्दै सभापति देउवाले भन्नुभयो, "समानुपातिक प्रणालीलाई व्यवस्थापन गर्न संविधानमा रहेको व्यवस्था परिमार्जन गरेर जानुपर्छ, त्यसका लागि संविधान संशोधन गर्नुपर्छ, संविधान संशोधन गर्न संसद्मा दुई तिहाइ चाहिन्छ, त्यसमा सबै पार्टीमा सहमति भए गर्न नसकिने होइन, हामीले मात्रै केही गर्न सक्दैनौँ।"

कांग्रेस बलियो भए मात्रै प्रजातन्त्र बलियो हुन्छ भन्दै उहाँले नेता तथा कार्यकर्तालाई पार्टी बलियो बनाउन जिल्ला, पालिका, वडा, गाउँ र टोलसम्म अभियान लिएर जान निर्देशन दिनुभयो। सङ्गठनलाई बलियो बनाउने अभियान भक्तपुरबाटै सुरु गरेर सफलता प्राप्त गर्दै देशभर फैलाउन पनि उहाँले नेता कार्यकर्तालाई निर्देशन दिनुभयो। गठबन्धनको सरकारमा ठूलो पार्टी नेपाली कांग्रेस भए पनि सबैलाई चित्त बुझाएर जानुपर्ने बाध्यता रहेको बताउनुभयो। गठबन्धन गरेर निर्वाचनमा जाँदा कांग्रेस ठूलो पार्टी बनेको उहाँले उल्लेख गर्नुभयो।

कांग्रेस नेता डा शेखर कोइरालाले सत्ता टिकाउनका लागि अदालतको आदेशविपरीत रेशम चौधरीलाई आममाफी दिने निर्णयले लोकतन्त्र कमजोर बनेको आरोप लगाउनुभयो। उहाँले भन्नुभयो, "जिल्ला, उच्च रसर्वोच्चअदालतकोआदेशविपरीत चौधरीलाई आममाफी दिने कुराले अन्ततः लोकतन्त्रलाई नै कमजोर बनाउछ, राष्ट्रपतिले यसलाई रोक्नु पर्थ्यो, दण्डहीनतालाई प्रश्रय दिने गरी भएका यस्ता निर्णयलाई जनताले नियालिरहेका छन्।" जिल्ला निर्वाचन कार्यालयलाई जिल्ला प्रशासन कार्यालय मातहत राख्ने सरकारको निर्णयप्रति पनि आपत्ति जनाउँदै नेता कोइरालाले भन्नुभयो, "अहिले निर्वाचन आयोगलाई हामीले स्वतन्त्र र निष्पक्ष निर्वाचन आयोग बनाउनुपर्छ भनेर भनिराखेका छौँ। तर सरकारले निर्वाचन आयोगलाई सिडियोको मातहतमा लगेर एउटा कोठामा थन्क्याएर राख्न खोज्दैछ, त्यसले लोकतन्त्र बलियो हुन सक्दैन, लोकतन्त्र बलियो हुन निर्वाचन आयोग स्वतन्त्र र निष्पक्ष हुन जरुरी छ।"

कांग्रेस सत्ता पक्ष भएकाले बजेटमा रहेका कमजोरीलाई संसद्मा उठाउन नसकेको उल्लेख गर्दै नेता कोइरालाले भन्नुभयो, "संसद्मा बजेटबारे विरोध गर्न सत्तापक्ष भएकाले सकिएन, तर बजेटमा गलत गरेका छौँ भनेर मनन गर्ने बेला आएको छ, बजार भाउ अचाक्ली बढिसक्यो, जनतालाई मार पर्ने कार्य गर्नु हुँदैन।"

मिश्रित निर्वाचन प्रणालीले कुनै पनि दलले बहुमत आउन नसक्ने अवस्था आएकाले संविधान संशोधन गरेर जानुपर्ने र समानुपातिक प्रणालीको व्यवस्थालाई परिमार्जन गर्न नसके देश सङ्कटमा पर्ने उहाँको भनाइ थियो। नेताहरूले पूर्वराजाले केही बोल्यो कि गणतन्त्र जान्छ, सिद्धिन्छ भनेर बोल्नु कमजोर मानसिकताको उपज भएको टिप्पणी गर्दै नेता कोइरालाले पूर्वराजाले बोल्ने बित्तिकै गणतन्त्र गयो, समाप्त हुन थाल्यो भनेर बुझ्न गलत भएको र त्यसरी गणतन्त्रको समाप्त पनि नहुने बताउनुभयो।

पार्टीभित्र युवा पुस्ताको उपस्थिति बलियो रहेकाले कांग्रेस कमजोर भयो भन्ने कुरा हल्ला मात्र भएको भन्दै उहाँले पार्टी जनतासँग भने टाढिएको बताउनुभययो। जनतासँग जोडिने कार्यक्रम ल्याउनु अहिलेको पहिलो आवश्यकता रहेको उल्लेख गर्दै नेता कोइरालाले पार्टीलाई जनतासँग सही ढङ्गले जोड्न नसके कांग्रेसको औचित्य गुम्दै जाने बताउनुभयो। उहाँले युवा पुस्ताले कांग्रेसलाई बलियो बनाउँदै आगामी निर्वाचनमा वडा, पालिकादेखि संसद्सम्म कांग्रेस एक्लैले उम्मेदवारी दिएर आफ्नो अस्तित्व बलियो बनाउने बताउनुभयो।

कार्यक्रममा पार्टीका सहमहामन्त्री बद्री पाण्डे, केन्द्रीय सदस्यहरू रमा कोइराला, चन्द्रमोहन यादव, मदनकृष्ण श्रेष्ठ र गङ्गा अवाल, बागमती प्रदेशका सभापति इन्द्र बानियाँ, प्रदेशसभा सदस्य सुरेश श्रेष्ठ, क्षेत्रीय सभापति एवम् चाँगुनारायण नगरपालिकाका प्रमुख जीवन खत्री, मध्यपुरथिमि नगरपालिकाका प्रमुख सुरेन्द्र श्रेष्ठ, पार्टीका प्रदेश सदस्य जयन्द्र खड्का, पार्टीका सूर्यविनायक नगर सभापति निशान ढुङ्गेल, कार्यक्रम संयोजक कृष्णमुरारी न्यौपाने, पार्टी सचिव यादव अधिकारीलगायतले पार्टीलाई एक ढिक्का बनाएर लैजान नेतृत्व तहदेखि जिल्ला तहसम्मका नेता सक्रिय भएर लाग्नुपर्नेमा जोड दिनुभयो।

कांग्रेस जिल्ला सभापति एवम् कार्यक्रमका सभापति दुर्लभ थापाले पार्टीको भूमिकाप्रति आम कार्यकर्तामा असन्तुष्टि चुलिँदै गएको उल्लेख गर्दै पार्टीलाई बलियो बनाएर लैजान गुट उपगुटको अन्त्य हुनुपर्ने बताउनुभयो। रासस

# राष्ट्र र जनताको हितमा काम गर्ने सङ्कल्प लिएको छु : प्रधानमन्त्री दाहाल



नुवाकोट। प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' ले राष्ट्र र जनताको हितमा काम गर्ने सङ्कल्पका साथ प्रधानमन्त्रीको जिम्मेवारी सम्हालिरहेको बताउनुभएको छ।

पञ्चकन्या गाउँपालिकाको प्रशासकीय भवन समुद्घाटन समारोहलाई आज सम्बोधन गर्नुहुँदै उहाँले निजी तथा सार्वजनिक संस्थासँगको सहकार्यमा सहजरूपमा जनतालाई सेवा उपलब्ध गराइरहेको उल्लेख गर्नुभयो।

सवारी चालक अनुमति पत्र, राहदानी र राष्ट्रिय परिचयपत्र प्राप्त गर्ने नागरिकले बेहोर्नुपरेको परेको हैरानीलाई सहज बनाएको स्मरण गर्दै उहाँले भन्नुभयो, "वैदेशिक रोजगारीमा रहेका नेपालीलाई सामाजिक सुरक्षा कोषमा आबद्ध गराउने, समयमा नै विद्यार्थीको हातमा पाठ्यपुस्तक पुऱ्याउने जस्ता जनताको पक्षमा धेरै काम भइसकेका छन्। विकृति, बेथिति र भष्ट्राचार नियन्त्रणका लागि दृढताका साथ कठोर कदम चालिरहेका छौँ।"

नेपालीको शिर उच्च रहने गरी भारत सरकारसँग सम्झौता भएको उहाँले बताउनुभयो। आफ्नो इच्छाअनुसार नै राष्ट्र, जनता, नेपालको आर्थिक उन्नति, विकास र समृद्धिको पक्षमा भारत सरकार र त्यहाँका नेताहरूसँग छलफल भएको उहाँको भनाइ छ। "नेपाल र भारतको सीमामा रहेको लिपुलेक, कालापानी र लिम्पियाधुराको विषयमा जहिल्यै समस्या उत्पन्न हुने गरेको थियो। नेपालका प्रधानमन्त्री र भारतका प्रधानमन्त्रीले संयुक्तरूपमा अबको दिनमा सीमाको समस्या उत्पन्न हुँदैन भनेर पत्रकार सम्मेलनमार्फत प्रतिबद्धता जनाएका छौँ", उहाँले भन्नुभयो, "भारत भ्रमणको क्रममा उठाइएका विषयले नेपाल गौरवान्वित छ। उद्योगी व्यवसायी खुसी छन्। इतिहासमा पहिलो पटक राष्ट्रको हितमा काम गर्न पाएकोमा म खुसी छु।"

अर्थमन्त्री डा प्रकाशशरण महतले राज्यले कृषि क्षेत्रमा दिँदै आएको अनुदान दुरुपयोग हुन नदिने उद्घोष गर्नुभयो। उहाँले उत्पादनका आधारमा मात्रै अनुदान दिने बताउनुभयो। "जसले उद्यमशीलता देखाएर नयाँ तरिकाबाट कृषि व्यवसाय अगाडि बढाउँछ अबको दिनमा उसैलाई मात्र राज्यले अनुदान दिन्छ। यो नीतिले कृषि क्षेत्रमा दिइँदै आएको अनुदान दुरुपयोग हुँदैन भन्ने विश्वास लिएको छु", उहाँले भन्नुभयो, "देशको सात सय ५३ वटै स्थानीय तहलाई लगानी र रोजगारीसँग जोड्ने लक्ष्य रहेको छ। बाँझो जमिनको सदुपयोग गरेर कृषि उद्यमशीलता, पर्यटन व्यवसाय, उद्योग सञ्चालन गर्ने सम्बन्धित निकायलाई राज्यले साथ दिनेछ।"

आगामी आव २०८०/८१ का लागि विनियोजित बजेट आवश्यकता र मागमा आधारित रहेको अर्थमन्त्री डा महतको भनाइ छ। "प्रधानमन्त्री, पूर्वप्रधानमन्त्री र अर्थमन्त्रीको जिल्लामा बढी बजेट गएको भन्ने चर्चा र बहस संसद्देखि संसद् बाहिरसम्म चलिरहेको अवस्था छ। तर देशको आवश्यकतालाई प्राथमिततामा राखेर बजेट विनियोजन भएको छ", उहाँले भन्नुभयो, "विदेशी सहयोग आओस् नआओस् टोखा-छहरे सुरुङ मार्ग बनाउने प्रक्रियालाई अगाडि बढाउनेछौँ।"

> "नेपाल र भारतको सीमामा रहेको लिपुलेक, कालापानी र लिम्पियाधुराको विषयमा जहिल्यै समस्या उत्पन्न हुने गरेको थियो। नेपालका प्रधानमन्त्री र भारतका प्रधानमन्त्रीले संयुक्तरूपमा अबको दिनमा सीमाको समस्या उत्पन्न हुँदैन भनेर पत्रकार सम्मेलनमार्फत प्रतिबद्धता जनाएका छौ"

उक्त कार्यक्रममा नुवाकोटबाट प्रतिनिधिसभा र प्रदेशससभा सदस्यमा निर्वाचित सदस्यको सहभागिता रहेको थियो। लाकरी भञ्ज्याङमा निर्माण गरिएको २७ कोठे आधुनिक भवन निर्माण गर्न रु छ करोडभन्दा बढी लगानी भएको गाउँपालिकाका अध्यक्ष तेजबहादुर तामाङले जानाकारी दिनुभयो। बीस रोपनी जग्गामा कार्यालय भवन निर्माण गरिएको र भवन निर्माणका लागि स्थानीयवासीले जग्गासमेत उपलब्ध गराएका छन्।

अर्केष्टाले नेपाली कला र संस्कृतिको प्रवर्द्धन गर्छ : प्रधानमन्त्री

काठमाण्डु। प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' ले सङ्गीतको प्रवर्द्धनका लागि नेपाल सरकारको तर्फबाट विशेष सहयोग हुने बताउनुभएको छ।

उहाँले आफूले पहिलो पटक प्रधानमन्त्री हुँदा नै गीत सङ्गीतको क्षेत्रमा महत्त्वपूर्ण काम गरेको उल्लेख गर्दै यस पटक पनि ज्यापू महागुठीले उठाएको माग सम्बोधन गर्ने विश्वास दिलाउनुभयो।

अन्तर्राष्ट्रिय सङ्गीत दिवसको अवसर पारेर ज्यापू महागुठी र काठमाडौँ महानगरपालिकाले आयोजना गरेको नेपाल अकेष्ट्रा-११४३ को उद्घाटन गर्नुहुँदै प्रधानमन्त्रीले हरेक जसो कार्यक्रममा भाषणले नै प्रमुखता पाउने भएकाले कार्यक्रमको महत्त्व नै घट्ने गरेकातर्फ सबैको ध्यानाकर्षण गराउनुभयो।

प्रधानमन्त्रीले अर्केष्ट्राले संस्कृति संरक्षण र पर्यटन प्रवर्द्धनमा योगदान गर्नेमा आफूले विश्वास लिएको तथा संस्कृति संरक्षणका लागि ज्यापू गुठीलगायत यस क्षेत्रमा लागेका सबैलाई सरकारले सहयोग गर्ने बताउनुभयो।

आर्केष्ट्रामा चार सय कलाकारले एकैपटक विभिन्न बाजा बजाएका छन्। बागमती प्रदेशका पर्यटन, उद्योग तथा सहकारीमन्त्री पुकार महर्जनले संस्कृति, कलाको संरक्षण गरेर मात्रै मुलुकभित्र पर्यटक भित्र्याउन र त्यसलाई आर्थिक विकासमा केन्द्रित गर्न सकिने बताउनुभयो।

आगामी आवको बजेटमा काठमाडौँ उपत्यकाको कला संस्कृतिको संरक्षणका लागि बजेट व्यवसथापन गरिने उहाँको भनाइ छ। बागमती प्रदेशभित्र नेवाः र तामाङ भाषालाई कामकाजी भाषाका रूपमा प्रयोग गर्ने वातावरण तय भएको उहाँले जानकारी दिनुभयो।

काठमाडौँ महानगरपालिकका उपप्रमुख सुनिता डङ्गोलले काठमाडौँलाई सांस्कृतिक नगरी बनाउने सपना देखेको र त्यसलाई पूरा गर्न आफूहरूले मूर्त अमूर्त कला तथा संस्कृतिको प्रवर्द्धन गर्दै आएको बताउनुभयो। उहाँले देशभित्र रहेका बाजा घन्काउने उद्देश्य राखेकामा आज त्यो पूरा भएको उल्लेख गर्नुभयो।

सांस्कृतिक विविधता, भाषाभाषी, सङ्गीतमा विविधता भएपछि एक अर्कामा अन्तरसम्बन्धित र एकीकृत रहेको उहाँको भनाइ थियो। मुलुकको विकासका लागि सङ्घीय, प्रदेश र स्थानीय सरकारबीच एक आपसमा मिलेर अगाडि बढ्नु जरुरी रहेको उपप्रमुख डंगोलको भनाइ छ।

ज्यापू महागुठीका अध्यक्ष राजभाई जकमीः ले युवा पुस्तालाई नेपाली कला तथा संस्कृतिको महत्त्व बुझाउनका लागि यस खालको कार्यक्रमको आयोजना गरिएको जानकारी दिनुभयो। उहाँले लोक सङ्गीतको संरक्षण र प्रवर्द्धनका लागि कार्यक्रम आफैँमा महत्त्वपूर्ण रहेको बताउनुभयो।

सांस्कृतिक सहरको पहिचान बनाउन सफल काठमाडौँ महानगर पालिकाको संयुक्त प्रयासमा यस अकेष्ट्राको आयोजना गरिएको जकमीले जानकारी दिनुभयो। रासस

# वातावरण संरक्षणमा सबैको सक्रियता आवश्यक : मन्त्री आचार्य



काठमाण्डु। महिला, बालबालिका तथा ज्येष्ठ नागरिकमन्त्री सुरेन्द्रराज आचार्यले सुन्दर, सफा र स्वच्छ हरियाली बनाउने अभियानमा सबैको सक्रियता जरुरी भएको बताउनुभएको छ।

नेपाल टेलिकमले मैनादेवी फाउण्डेशनको सहकार्यमा सञ्चालन गरेको 'नेपाल टेलिकम क्लिन अप प्रिमियर लिग' को शनिवार समापनका अवसरमा उहाँले वातावरणीय सन्तुलन कायम राख्न र यसबारे जनचेतना अभिवृद्धि गर्न कलेजहरूले गरेको कार्य निकै प्रशंसनीय भएको बताउनुभयो।

मन्त्री आचार्यले यसबाट वातावरण संरक्षणप्रतिको जागरुकता सबैमा जगाउन प्रेरणा मिलेको र यसमा अन्य सङ्घसंस्थालाई पनि हातेमालो गर्न प्रेरणा मिल्ने बताउनुभयो।

सांसद आरजु राणा देउवाले वातावरण स्वच्छ राख्न सबैमा प्रेरणा जगाउने कार्यमा नेपाल टेलिकम जस्ता संस्थाहरूले सहयोग गरेकोमा आभार व्यक्त गर्दै अहिलेका युवा पुस्तालाई यसबाट वातावरण संरक्षणमा धेरै महत्त्वपूर्ण प्रेरणा मिल्ने विश्वास व्यक्त गर्नुभयो।

नेपाल टेलिकमका प्रबन्धक रीना डङ्गोलले युवा पुस्तालाई विभिन्न कार्यमा लाग्न कम्पनीले प्रेरित गरिरहेको बताउनुभयो। मैनादेवी फाउण्डेशनका संस्थापक केपी खनालले देशभरका विभिन्न स्थानको सरसफाइ कार्यमा फाउण्डेशन सक्रिय रहेको र अबकाठमाडौँउपत्यकापश्चात देशका अन्य क्षेत्रमा नयाँ सफाइ अभियानको थालनी गरिने बताउनुभयो।

काठमाडौँउपत्यकाका १५ कलेजका विद्यार्थीहरू सहभागी सो कार्यक्रममा विद्यार्थीहरूले आफ्नो क्षेत्रमा सरसफाइ गर्नुका साथै सो क्षेत्रलाई सरसफाइको नमूना बनाउनका लागि आफ्नो अवधारणा प्रस्तुत गरेका थिए। प्रतियोगितामा समृद्धि कलेजले पहिलो स्थान, जया मल्टिपल कलेजले दोस्रो स्थान र इम्पेरियल बिजनेस कलेजले तेस्रो स्थान हासिल गरेका छन्। प्रतियोगितामा प्रथम, द्वितीय र तृतीय हुनेले क्रमशः रु एक लाख, ५० हजार र २५ हजार नगद पुरस्कार प्राप्त गरेका छन्। मन्त्री आचार्यले विजेता कलेजलाई पुरस्कृत गर्नुभएको थियो।

गत वैशाख ९ गते विश्व पृथ्वी दिवसका दिन नेपाल टेलिकमको केन्द्रीय कार्यालय प्राङ्गणबाट सो कार्यक्रमको शुभारम्भ गरिएको थियो। प्रतियोगितामा सहभागी विद्यार्थीले हरेक साता शुक्रबार वा शनिबार सरसफाइ कार्य गरेका थिए। उनीहरूले कलेज क्षेत्रका विभिन्न स्थानमा सरसफाइ गर्ने मात्र नभई भविष्यमा फोहोर नै हुन नदिनका लागि समेत आफ्ना अवधारणा प्रस्तुत गरेका थिए। यसबाट भविष्यमा जलवायु परिवर्तन र वातावरण संरक्षणको बारेमा सबैको चासो बढ्ने अपेक्षा गरिएको छ। रासस

# नेपाल कम्युनिष्ट पार्टी फेरि ब्युँताऔंः माधव नेपाल

**टुडे समाचारदाता**

काठमाण्डु। नेकपा (एकीकृत समाजवादी) का अध्यक्ष एवं पूर्वप्रधानमन्त्री माधवकुमार



तत्कालीन नेपालले नेपाल कम्युनिष्ट पार्टी (नेकपा) ब्युँताउन आह्वान गरेका छन्।

शनिबार भक्तपुरमा आायेजित नेकपा (एकीकृत समाजवादी) भक्तपुरको प्रथम जिल्ला अधिवेशनलाई सम्बोधन गर्दै उनले नेकपा ब्युँताउन तयार रहेको बताएका हुन्।

'हाम्रो पार्टी अर्को कुनै पार्टीमा गएर विलय हुनेवाला छैन। कसैकसैलाई लागेको छ, एमाले। एमालेमा त आफैं रुवाबासी चलिरहेको छ। हामी हुन्छ भने पुरानो पार्टी फेरि ब्युँताउँछौं,' उनले भने, 'आउनुहास्, प्रचण्डजीलाई भन्छु म आउनुहोस्, हामी तयार हुन्छौं, केपीजी तयार हुन्छन्? नेपाल कम्युनिष्ट पार्टी नेकपा फेरी ब्युँताऔं।'

उनले नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले कुर्सीबाट हट्न नचाहेर ७० वर्ष उमेर हद हटाएको उनले बताए। उनले आफू ७० वर्ष उमेर कटेको खण्डमा पार्टीको पद लिएर नबस्ने पनि दाबी गरे।

'कुर्सी छोड्नुपर्ला भनेर ७० वर्षको उमेर हद नै हटाइदिए। के हुन्थ्यो, सल्लाहकार भएर बसे हुँदैन ? केटाहरूले राम्रो काम नगरे फेरि आएर जिम्मा लिए भइहाल्छ नि,' उनले भने, '७० वर्ष नाघेकालाई बोलाउने, हामी त भयो अब आराम गर्नुहोस्, सल्लाहकार भएर बस्नुस् भन्छौं, मेरो उमेर भए म पनि बस्छु।'

# मल खरिद गरिसक्यौं, धेरै ठूलो संकट पर्दैन- कृषिमन्त्री भुसाल

**टुडे समाचारदाता**

काठमाण्डु। कृषि, विज्ञान तथा प्रविधिमन्त्री वेदुराम भुसालले चालु वर्षका लागि आवश्यक मलखाद खरिद गरिसकेको बताएका छन्।

शनिबार भक्तपुरमा आायेजित नेकपा (एकीकृत समाजवादी) भक्तपुरको प्रथम जिल्ला अधिवेशनलाई सम्बोधन गर्दै उनले मल खरिद भइसकेको हुँदा कुनै समस्या नहुने दाबी गरे।

'सधैंभर मलको हाहाकार हुने भएकाले मलको निम्ति बजेटको सुनिश्चितता नै प्रमुख कुरा हो, बजेटको सुनिश्चितता नभएकाले नै यो समस्या आइरहेको थियो, त्यसलाई अन्त्य गर्न बजेट पारित भएपछि नै मल सुनिश्चितता हुनेगरी बजेट निकासा गर्न लगाएका छौं,' उनले भने, 'यो वर्ष चाहिने जति मल खरिद गरी सकिएको छ। केही आइसकेको छ, केही आउने क्रममा छ। धेरै ठूलो संकट पर्दैन।' मन्त्री भुसालले आफ्नो पार्टी दुई वटा मन्त्रालय लिएर सरकारमा सहभागी भएको तर निर्णयक भने नभएकाले आफ्नो हिसावले काम गर्न नसकेको बताए। उनले मन्त्रालयले बाँझो रहेको जमिनलाई उपयोग गर्नका लागि बाँझो जमिन उपयोग गर्ने नीति र बजेट छुट्याउने काम भएको बताए। उनले कृषिको बजारीकरण, औद्योगिकरणको समस्या समाधानका लागि पहल गरेको पनि बताए।

# सरकार 'फेसलेस गभर्नेन्स' तर्फ उन्मुख छ : मन्त्री शर्मा



काठमाण्डु। सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्माले मोबाइल डिभाइस म्यानेजमेन्ट सिस्टम (एमडिएमएस) कार्यान्वयनमा सरकार कडाइका साथ लागेको भन्दै यसमा सहयोग गर्न मोबाइल व्यवसायीहरूलाई आग्रह गर्नुभएको छ।

मन्त्री शर्माले कर छली हुन नदिन ल्याइएको प्रणाली कार्यान्वयनमा सहयोग गर्ने व्यवसायीका हितमा सरकार सहयोग गर्न सधैँ तत्पर रहेको बताउनुभयो। नेपाल मोबाइल व्यवसायी महासङ्घको दोस्रो साधारणसभामा उहाँले भन्नुभयो, "मोबाइल मनोरञ्जनको साधन मात्र नभई अत्यावश्यकीय साधन बनिसकेको छ, २०६३ पछि बनेको सरकारका सञ्चारमन्त्री कृष्णबहादुर महरा हुँदा ल्याइएको 'हातहातमा मोबाइल, घरघरमा इन्टरनेट' अभियानलाई मूर्त रूप दिँदै वर्तमान सरकार 'फेसलेस गभर्नेन्स' तर्फ उन्मुख भइसकेको छ।"

मन्त्री शर्माले मोबाइल आयातलाई भन्दा बिग्रेका मोबाइललाई पुनः प्रयोग गर्न सक्ने खालको उद्योग मुलुकभित्रै सञ्चालन गर्न व्यवसायीलाई आग्रह गर्नुभयो। उहाँले त्यस्ता उद्योग सुरु भए रोजगारी बढ्ने र स्वदेशी मुद्रा बाहिरिन न्यूनीकरण हुने भएकाले ति व्यवसायीलाई राज्यले उचित नीतिगत सहयोग गर्न कूल बजेटको एक प्रतिशत रकम लगानी गर्ने सरकारको नीति रहेको बताउनुभयो।

नेपाल मोबाइल व्यवसायी महासङ्घका केन्द्रीय अध्यक्ष भरत भट्टराईले बर्सेनि रु ४० अर्बभन्दा बढी राजस्व उठाउने र ५० हजारभन्दा बढी रोजगार प्रदान गरिरहेका मोबाइल व्यवसायी यतिबेला सङ्कटपूर्ण अवस्थाबाट गुज्रिरहेको बताउनुभयो छ। मोबाइल बिक्रीमा अत्यन्तै कम 'मार्जिन' रहेको, अनलाइन तथा अफलाइनका नाममा अव्यावसायिक प्रतिस्पर्धा बढेको र मोबाइललाई बिलासिताको वस्तुका रूपमा हेरिएका कारण आयातमा कडाइ भइरहेको अवस्थाले व्यवसायी सङ्कटमा पुगेको उहाँको भनाइ थियो।

अध्यक्ष भट्टराईले राज्यलाई कर तिरेको अनुपातका आधारमा पेशागत तथा सामाजिक सुरक्षाको ग्यारेन्टी गरिदिन सरकारसँग माग गर्नुभयो। उहाँले स्वदेशमै दक्ष जनशक्ति उत्पादन गर्न सरकारलाई सहजीकरण गर्ने बताउनुभयो।

आन्तरिक राजस्व विभागका महानिर्देशक दीर्घराज मैनालीले विभाग र महासङ्घको सहकार्यमा व्यवसायीलाई करसम्बन्धी विषयमा सचेतना जगाउँदै अनावश्यक झन्झटबाट मुक्ति दिने प्रतिबद्धता जनाउनुभयो।

ललितपुर उद्योग वाणिज्य सङ्घका वरिष्ठ उपाध्यक्ष विश्वराज बज्राचार्यले समाज रूपान्तरणमा मोबाइलले महत्त्वपूर्ण भूमिका निर्वाह गरे पनि त्यही व्यवसायबाट बाँच्ने व्यवसायीहरू समस्याग्रस्त रहेको सुन्दा दुःख लागेको बताउनुभयो।

मोबाइल व्यवसायी महासङ्घका महासचिव रमेशकुमार घिमिरे र कोषाध्यक्ष सन्तोष घिमिरेले महासङ्घको गत आर्थिक वर्षको साङ्गठनिक तथा आर्थिक प्रतिवेदन सार्वजनिक गर्नुभएको थियो। कार्यक्रममा सगरमाथा लुम्बिनी इन्स्योरेन्सका प्रमुख कार्यकारी अधिकृत, विभिन्न मोबाइल आयातकर्ता कम्पनीका प्रमुखका साथै मुलुकभरका मोबाइल व्यवसायीको प्रतिनिधिमूलक सहभागिता रहेको थियो। रासस

# विमान दुर्घटनाको चालीस दिनपछि चार बालबालिकाको जीवितै उद्धार

**एएफपी**

बोगोटा । जीवन र मृत्युलाई लिएर गाउँघरमा बूढापाकाले भन्ने 'मर्ने बाच्दैन, बाँच्ने मर्दैन' अर्थात् गर्भमै निर्धारित जन्म-मृत्यु विधाताले निर्धारण गरेको समयमा नै हुन्छ, जसको भाग्यमा मृत्यु निर्धारण भएको छ त्यस प्राणीलाई बचाउन सकिदैन अनि जसलाई जीवन जिउने समय दिइएको छ उसलाई कालले पनि केही गर्न सक्दैन ।

कोलम्बियामा यस्तै चमकत्कार भएको छ । देशको राष्ट्रिय सेनाले चालीस दिनअघि सेस्ना २०६ विमान दुर्घटनामा परेका हुइटोटो आदिवासी समूहका चार जना बालबालिकाको जीवितै उद्धार गरेको छ । कोलम्बियाका अधिकारीका अनुसार उनीहरूले देशको अमेजन जङ्गलबाट तेह्र, नौ, चार र एक वर्षका बालबालिकालाई उद्धार गरेका गएराति उद्धार गरेका हुन् ।

सान होसे डेल ग्वाभियर सहरतर्फ गइरहेको सानो सेस्ना २०६ विमान अराराकुरा जङ्गलमा दुर्घटना हुँदा विमानका चालक र ती बालबालिकाका आमा र एक जना स्थानीय आदिवासी नेताको मृत्यु भएको थियो । घटनास्थलमा उनीहरूका शव भेटिएका थिए तर विमानमा सवार ती बालबालिका हराइरहेका थिए ।

विमान जङ्गलका रुखमा वृक्षभै ठडिएको अवस्थामा भेटिएको थियो । अधिकारीका अनुसार सशस्त्र समूहको धम्कीका कारण भागेका उनीहरू विमान दुर्घटनामा परेका हुन् । सरकारी अधिकारीका अनुसार सशस्त्र समूहको धम्कीका कारण भागेका उनीहरू विमान दुर्घटनामा परेका हुन् ।

दुर्घटनापछि हराएका बालबालिकाको खोजी गर्न कोलम्बिया सरकारले एक सय ६० जना सिपाही र जङ्गल क्षेत्रको सम्पूर्ण



जानकारी भएको ७० जना आदिवासी जनजाति सम्मिलित एक विशाल टोली परिचालन गरेर खोजी प्रारम्भ गरेको थियो जसले विश्व समुदायको ध्यान आकर्षित गरेको थियो ।

हिंस्रक जङ्गली जनावर, विषालु सर्प र सशस्त्र लागूऔषध तस्कर समूहको आधार इलाकामा उनीहरूको खोजी गर्नु चानचुने काम थिएन तर खोजी टोलीले खुट्टाको छाप, एक डाइपर, आधा खाएको फल भेटेपछि आफू सही बाटोमा रहेको विश्वासका साथ खोजीलाई निरन्तरता दिएको थियो ।

उद्धार टोली केटाकेटीहरू भौतारिन सक्ने र भेट्टाउन अझ गाह्रो हुने चिन्ताले ग्रसित थियो । वायुसेनाले दश हजारभन्दा बढी पर्चा स्पेनिस र बालबालिकाको आफ्नै आदिवासी भाषामा छापेर जङ्गलमा फ्याँकेको थियो जसमा उनीहरूलाई कतै नजान अनुरोध गरिएको थियो ।

ती पर्चामा भयावह त्यस जङ्गलमा कसरी बाँच्ने भन्नेबारेमा सुझाव पनि समेटिएका थिए भने खानाका थैला र पानीका बोतल पनि खसालिएका थिए । साथै उद्धारकर्ताले बालबालिकाकी हजुरआमाले रेकर्ड गरेको सन्देश पनि 'लाउड स्पिकर'बाट बजाउँदै उनीहरूलाई कतै नजान आग्रह गरेका थिए । अन्ततः ती बालबालिका दुर्घटनास्थलबाट करिब पाँच किलोमिटर पश्चिममा फेला पारेका थिए ।

बेपत्ता ती बालबालिकामध्ये केही शिकार गर्न र माछा मार्न अभ्यस्त रहेका तिनका हजुरबुबा फिडेन्सियो भ्यालेन्सियाले एएफपीलाई बताएका थिए । साथै उनीहरू जङ्गलसँग राम्ररी परिचित पनि थिए ।

राष्ट्रपति गुस्ताभो पेट्रोले उनीहरुको जीवितै उद्धार गरिएको घोषणा गर्दै "आज हामीले एउटा चमत्कारपूर्ण दिन बिताएका छौँ" भन्नुभएको छ। हेलिकप्टरबाट उनीहरूको उद्धार गरिएको हो । बालबालिकाको स्वास्थ्यस्थिति नाजुक भएकाले तत्काल अस्पताल पुऱ्याइएको छ ।

राष्ट्रपतिले ट्वीटरमा सार्वजनिक गरेको तस्बिरमा सैन्य पोशाकमा रहेका केही मानिसका माझमा उद्धार गरिएका कमजोर बच्चा देखिन्छन् भने एक जना उद्धारकर्ताले सबैभन्दा सानो बच्चालाई काखमा राखेर उसको मुखमा दूधको बोतल राखेको देखिन्छ ।

# नेपाल नेदरल्यान्ड्ससँग पराजित




काठमाण्डु । नेपाल कमजोर ब्याटिङको कारण दोस्रो एकदिवसीय अभ्यास खेलमा नेदरल्यान्ड्ससँग ५ विकेटले पराजित भएको छ। योसँगै दक्षिण अफ्रिकामा नेपालको विश्वकप छनोट तयारी सकिएको छ ।

जितको लागि १ सय ५७ रनको विजयी लक्ष्य पछ्याएको नेदरल्यान्ड्सले ३६.१ ओभरमा ५ विकेट गुमाउँदै पूरा गर्यो ।

नेदरल्यान्ड्सको जितमा अनुभवी ब्याटर वेस्ली ब्यारेसी ८८ बलमा सर्वाधिक ६३ रनमा अविजित रहे । कप्तान स्कट एडवार्ड ३४ बलमा २२ रनमा आउट भए । ओपनर विक्रमजित सिंह ४० बलमा २१ रनमा आउट भएका थिए ।

नेपालका गुलशन झा र ललित नारायण राजवंशीले समान दुई विकेट लिए । प्रतिश जि.सीको नाममा एक विकेट रह्यो ।

त्यसअघि टस हारेर पहिला ब्याटिङको निम्तो पाएको नेपाल ३६.५ ओभरमा १ सय ५६ रनमा अल आउट भएको थियो । नेपालका कप्तान रोहित पौडेलाले ४१ बलमा ४ चौका र १ छक्कासहित सर्वाधिक ३० रन बनाए । उक्त रन जितको लागी पर्याप्त हुन सकेन । अलराउन्डर गुलशन झा ३२ बलमा ३ चौका र १ छक्कासहित २४ रनमा आउट भए ।

नेपालका कुनैपनि खेलाडीले क्रिजमा टिकेर रन बनाउन सकेनन् । नेदरल्यान्ड्सका तीव्र गतिका बलर लोगन भान बिकको बल सामु नेपाली ब्याटरले संघर्ष गरेका थिए । नेपालका ओपनर आसिफ शेख ४, कुशल भुर्तेल ९ र अर्जुन साउद ४ रनमा आउट हुँदा नेपाल नेपाल ३.४ ओभरमा २०-३ को अवस्थामा थियो ।

बीकले सातौं ओभरको दोस्रो बलमा दीपेन्द्रलाई बोल्ड आउट गरे । दीपेन्द्रले १२ बलमा एक चौकासहित ६ रन बनाए । दीपेन्द्र आउट हुँदा नेपाल ६.३ ओभरमा २८-४ को दयनीय अवस्थामा पुगेको थियो ।

भीम र रोहितले पाँचौं विकेटका लागि ३० रनको साझेदारी गरेका थिए । भीम दुर्भाग्य रुपमा १० रनमा रन आउट हुँदै पेभेलिएन फर्किनु पर्यो । रोहितले हानेको बल नन स्ट्राइकमा नेदरल्यान्ड्सका बलरलाई हातमा लाग्दै स्टम्पमा लागेपछि केहि अघि बढेका भीम रन आउटको किशार हुन पुगेका थिए ।

आरिफ शेख ३५ बलमा २ चौकासहित १८ रनमा आउट भए । प्रतिश जिसी २१ बलमा २ छक्कासहित १९ रनमा क्याच आउट भए । अन्तिम विकेटको रुपमा सोमपाल कामी ३६ बलमा २ चौकासहित १८ रनमा आउट भए ।

नेदरल्यान्ड्सका तीव्र गतिका बलर लोगन भान बिकले ७ ओभरमा २६ रन खर्चेर सर्वाधिक पाँच विकेट लिए । नेपाल पहिलो अभ्यास खेलमा स्कटल्यान्डसँग ७ विकेटले पराजित भएको थियो । स्कटल्यान्डविरुद्ध पनि हारेर पहिला ब्याटिङको निम्तो पाएको नेपाल २८.५ ओभरमा १ सय ३५ रनमा अल आउट भएको थियो । नेपाल अव आइतबार जिम्बावे जानेछ ।

जिम्बावेमा नेपालले आइसिसीले प्रदान गर्ने दुई अभ्यास खेल खेल्नेछ । नेपालले जेठ ३० गते युएई र जेठ ३२ गते ओमानसँग वार्मअप खेल खेल्नेछ।

प्रतियोगिता समूह ए मा नेपाल, वेस्टइन्डिज, जिम्बावे, अमेरिका र नेदरल्यान्ड्स छन् । समूह बी मा आयरल्यान्ड, श्रीलंका, युएई, स्कटल्यान्ड र ओमान छन् । प्रतियोगिता असार ३ देखि २४ (जुन १८ देखि जुलाई ९) सम्म जिम्बावेमा हुनेछ ।

नेपालले पहिलो खेल असार ३ मा (जुन १८) मा जिम्बावेसँग खेल्दै सुरुवात गर्नेछ । नेपालले त्यसको एक दिनपछि असार ५ (जुन २०) मा अमेरिकासँग खेल्नेछ । नेपालले असार ७ (जुन २२) मा वेस्टइन्डिजसँग खेल्नेछ । नेपालले समूह चरणको अन्तिम खेल असार ९ (जुन २४) मा नेदरल्यान्ड्ससँग खेल्नेछ ।

शीर्ष तीन टोली सुपर सिक्समा स्थान बनाउने छन् । सुपर सिक्समा अर्का समूहबाट आउने तीन टोलीसँग प्रतिस्पर्धा गर्नेछन् । सुपर सिक्समा समूह चरणको अंक पनि गणना हुने भएकाले आफ्नो समूहका टोलीसँग खेल्नु पर्दैन । अन्त्यमा शीर्ष दुई टोलीले विश्वकपमा स्थान बनाउनेछन् ।

**नेपालको टोली** :

कुशल भुर्तेल, आसिफ शेख (विकेटकिपर), ज्ञानेन्द्र मल्ल, रोहित पौडेल (कप्तान), कुशल मल्ल, आरिफ शेख, दीपेन्द्रसिंह ऐरी, गुलशन झा, सोमपाल कामी, करण केसी, सन्दीप लामिछाने, भीम सार्की, प्रतिश जि.सी, ललित राजवंशी, अर्जुन साउद र किशोर महतो ।

# हिंसाले बदनाम श्रीनगर सभा सम्मेलनबाट सुनाम कमाउँने प्रयासमा



**सिन्हवा**

श्रीनगर । कुनै समय हत्या, हिंसा, आतङ्क र अतिवादी आक्रमणले आक्रान्त एवम् अस्तव्यस्त हुने गरेको भारत प्रशासित जम्मुकाश्मिरको राजधानी श्रीनगर अहिले राष्ट्रिय तथा अन्तरराष्ट्रिय तहका सभासम्मेलन आयोजना केन्द्रका रुपमा रुपान्तरण हुनथालेको छ ।

युरोपेली सङ्घ, औद्योगिक एवम् विकासोन्मुख राष्ट्रसहित विश्वका सबैभन्दा ठूला अर्थतन्त्र भएका १९ देश मिलेर बनेको अन्तरसरकारी मञ्च जी ट्वेन्टीको अन्तरराष्ट्रियस्तरको सम्मेलन हालै श्रीनगरमा सफलतापूर्वक सम्पन्न भएपछि अन्य सभासम्मेलन पनि हुन थालेका छन् ।

राज्यसरकारका अनुसार आगामी असार १४ देखि १८ गतेसम्म कानुनी सेवासम्बन्धी राष्ट्रियस्तरको सम्मेलन हुने भएको छ । देशभरका उच्च अदालतका दुई सय न्यायाधीश पहिलोपटक आयोजना गरिएको यस्तो सम्मेलनमा सहभागी हुन श्रीनगरमा भेला हुने भएका छन् ।

गत मेमा यस्तै प्रकृतिको राष्ट्रिय सम्मेलन र हालै मञ्च जी ट्वेन्टीको बैठक सफलतापूर्वक सम्पन्न भएपछि विगतमा हिंसाले धूमिल पारेको श्रीनगरको छवि पुनःस्थापना गर्न पनि कानुनी सेवासम्बन्धी राष्ट्रिय सम्मेलन श्रीनगरमा आयोजना गर्ने निर्णय भएको अधिकारीले बताएका छन् ।

सम्मेलनमा सर्वोच्च अदालतका प्रधानन्यायाधीश डी वाई चन्द्रचुड, केन्द्रीय कानुन तथा न्याय राज्यमन्त्री अर्जुनराम मेधवालसहित दुई सय जनाभन्दा बढी न्यायधीश, कानुन र न्याय क्षेत्रका प्रवुद्ध व्यक्तिले भाग लिने जम्मुकाश्मिर कानुनी सेवा प्राधिकरणले बताएको छ ।

जम्मुकाश्मिर र लद्दाख उच्च न्यायालयका प्रधानन्यायाधीशको संरक्षकत्वमा रहेको उक्त प्राधिकरण र केन्द्रीय कानुनी सेवा प्राधिकरणका पदाधिकारी सम्मेलनलाई सफलतापूर्वक सम्पन्न गर्न अहोरात्र खटेका छन् । सम्मेलनका सारतत्व र विषयगत एवम् प्राविधिक पक्षमा त्रुटि हुन नदिन विषयविज्ञ र जानकार अधिकारी एवम् कर्मचारी परिचालन गरिएको छ ।

हरेक विवादको सौहार्दपूर्ण समाधान गर्न तथा समाजका कमजोर वर्गलाई निःशुल्क कानुनी सेवा उपलव्ध गराउने उद्देश्यले कानुनी सेवा प्राधिकरण ऐनअन्तर्गत सन् १९८७ मा राष्ट्रिय कानुनी सेवा प्राधिकरण स्थापना भएको हो । कानुन र न्यायमा सबै नागरिकको पहुँच सुनिश्चित गर्न सरकारले प्राधिकरणलाई स्वायत्तता प्रदान गरेको छ ।

# श्रीलङ्काले थप ३०० वस्तुको आयातमा लगाएको प्रतिबन्ध हटायो

**सिन्हवा**

कोलम्बो । श्रीलङ्का सरकारले विद्युतीय उपकरण, सरसफाईसम्बन्धी र खाद्य सामग्रीलगायत ३०० भन्दा बढी वस्तुको आयातमा लगाइएको प्रतिबन्ध लाई खुकुलो बनाएको छ ।

राष्ट्रपति रानिल विक्रमासिङ्घेद्वारा वित्त, आर्थिक स्थिरिकरण र राष्ट्रिय नीति मन्त्रीको रूपमा जारी गरिएको राजपत्र अधिसूचनापछि यो नयाँ नीति शुक्रवारदेखि लागू भएको हो ।

श्रीलङ्का सरकारले सन् २०२२ को अगष्टमा एक हजार ४६५ वस्तुको आयातमा प्रतिबन्ध लगाएको थियो तर तीमध्ये ८०० भन्दा बढी वस्तुमाथिको प्रतिबन्ध फुकुवा गरेको थियो । सन् २०२२ मा श्रीलङ्काको कुल आयात खर्च १८ अर्ब अमेरिकी डलरभन्दा बढी रहेको र सन् २०२१ को तुलनामा ११.४ प्रतिशतले कमी आएको सरकारी तथ्याङ्कले देखाएको छ ।

श्रीलङ्काको केन्द्रीय बैंकले सन् २०२२ को अधिकांश समय अत्यावश्यक बाहेकका आयातमा प्रतिबन्ध लगाउने उपायका कारण बजारमा तरलताको अभाव कायम रहेकाले यो निर्णय गरिएको जनाएको छ ।

श्रीलङ्काका वित्त राज्यमन्त्री रञ्जित स्याम्बालापिटियाले अमेरिकी डलरको उपलब्धतामा भएको सुधारको परिणामस्वरुप आयात प्रतिबन्धलाई थप खुकुलो बनाउने निर्णय भएको बताउनुभयो ।

# अफगानिस्तानमा महिलाद्वारा पाँच हजार कम्पनी सञ्चालनमा

**सिन्हवा**

काबुल । अफगानिस्तानका कार्यवाहक वाणिज्य तथा उद्योग मन्त्री नुरुद्दिन अजीजीले अफगानिस्तानमा आधिकारिकरूपमा महिलाले ५,००० कम्पनी सञ्चालन गरिरहेको बताउनु भएको छ ।

स्थानीय टेलिभिजन च्यानल टोलो न्युजले उल्लेख गरेअनुसार मन्त्रीले भन्नुभएको छ, "हाम्रोतर्फबाट देशमा महिलाद्वारा सञ्चालित व्यवसायमा कुनै समस्या छैन । महिलाद्वारा सञ्चालित पाँच हजार आधिकारिक कम्पनी छन्, ।"

तालिबानी सरकार महिला अधिकार विरोधी रहेको चौतर्फी आलोचनाका बीच यो विवरण सार्वजनिक भएको हो ।

# बोसिया स्मार्ट खेल प्रदर्शनी

काठमाण्डु । बोसिया खेललाई प्रचार-प्रसार गर्ने उद्देश्यले 'बोसिया स्मार्ट खेल' प्रदर्शनी आयोजना गरिएको छ । अपाङ्गता भएका व्यक्तिका लागि नेपाल बोसिया सङ्घले आयोजना गरेको उक्त अभिभावकलाई विशेषगरी अपाङ्गता भएका व्यक्तिले खेल्ने बोसिया खेलका बारेमा विस्तृत जानकारी गराइएको थियो । प्रदर्शनीमा ६० अपाङ्गता भएका खेलाडीको सहभागिता थियो ।



प्रदर्शनीमा पूर्ण र अतिअशक्त (मस्तिष्क पक्षघात, मस्कुलर डिस्ट्रोफी, सिवियर स्पाइनललगायत) अपाङ्गता भएका खेलाडीबीच बोसिया खेल खेलाइएको थियो ।

त्रिपुरेश्वरस्थित दशरथ रङ्गशालामा आयोजित एकदिवसीय प्रदर्शनीमा अपाङ्गता भएका व्यक्तिका

सङ्घका अध्यक्ष गोमा पौडेलले भन्नुभयो, "बोसिया खेलको प्रसारप्रचार गर्न तथा अपाङ्गता भएका व्यक्तिलाई थेरापी होस् भन्ने उद्देश्यले खेल प्रदर्शनीको आयोजना गरिएको हो ।" अपाङ्गता भएका व्यक्तिले खेल्ने बोसिया खेलको विकासका लागि नीति तथा कार्यक्रम र विशेष बजेटको व्यवस्था गर्नुपर्ने, अपाङ्गता भएका व्यक्तिबीच नै प्रतिस्प्रर्धा हुने गरी राष्ट्रियस्तरको खेल प्रतियोगिता आयोजना गर्नुपर्ने, बोसिया खेललाई राज्यले प्राथमिकताका साथ महत्व दिएर अगाडि बढाउनुपर्ने, खेलसम्बन्धी नीति नियम, ऐन कानुनलाई अपाङ्गमैत्री बनाउनुपर्ने, अपाङ्गता भएका व्यक्ति त्यसमा पनि अतिअशक्तलाई राज्यले विशेष सुविधा दिनुपर्ने र बोसिया खेललाई राष्ट्रिय खेलको मान्यता दिनुपर्ने सङ्घले माग गरेको छ ।

"अपाङ्गता भएका व्यक्तिलाई बोसिया खेलका लागि समस्या छ, उनीहरूलाई यातायातका साधन प्रयोग गर्न समस्या छ, आर्थिक अभाव छ । त्यसका लागि सरकारले विशेष बजेटमार्फत भत्ताको व्यवस्था गर्नुपर्छ, अपाङ्गता भएका व्यक्तिलाई सरकारले नै सहयोगीको व्यवस्था गर्नुपर्छ", उहाँले भन्नुभयो । सो अवसरमा काठमाडौं महानगरपालिका-११ की वडा सदस्य आशा श्रेष्ठले अपाङ्गमैत्री खेलका निम्ति राज्यले नीति बनाएर कार्यान्वयन गर्नुपर्नेमा जोड दिनुभयो ।

# टोकियोको हानेदा विमानस्थलमा दुईवटा विमान एकआपसमा ठोक्किए

**सिन्हवा**

टोकियो । टोकियोको हानेदा विमनस्थलमा शनिबार दुईवटा यात्रुवाहक विमान ट्याक्सी वे नजिकै ठोक्किएका छन् ।

जापानको यातायात मन्त्रालयले जनाएअनुसार (स्थानीय समय) शनिबार बिहान ११:०० बजे बैङ्ककका लागि प्रस्थान गरेको थाई एयरवेजको विमान र इभा एयरको विमान हानेडा विमानस्थलको धावनमार्गमा ठोक्किएको देखिएको स्थानीय सञ्चारमाध्यमले विमानस्थल स्रोतलाई उद्धृत गर्दै उल्लेख गरेका छन् ।

ती दुई विमान अहिले धावनमार्गमा पार्क गरिएका छन् । राष्ट्रिय प्रसारक एनएचकेका अनुसार दुर्घटनाबाट थाई एयरवेजको विमानको पखेटाको भाग भाँचिएको छ ।

विमानस्थलले दुर्घटनास्थल नजिकैको धावनमार्ग बन्द गरेको छ । विमानस्थलबाट कतिपय आन्तरिक तथा अन्तरराष्ट्रिय उडान ढिला भएका छन् ।

# फ्रान्समा छुरा प्रहार गर्ने संदिग्धमाथि 'हत्याको प्रयास' को अभियोग दर्ता

**सिन्हवा**

एनेसी । फ्रान्सको अल्पाइन शहर एनेसीमा चार बालबालिकासहित छ जनालाई छुरा प्रहार गरेको आरोपमा पक्राउ परेका सिरियाली शरणार्थीमाथि 'हत्याको प्रयास' को अभियोग लगाइएको अभियोजकले शनिबार बताएका छन् ।

सरकारी अभियोजक लाइन बोनट-म्याथिसले एक पत्रकार सम्मेलनमा भन्नुभयो, "अब्दलमासिह एच. ले ४८ घण्टा प्रहरी हिरासतमा रहँदा र अनुसन्धानको नेतृत्व गरिरहेका म्याजिस्ट्रेटसमक्ष बोल्न अस्वीकार गर्नुभएको थियो ।"

उहाँले भन्नुभयो,"दुई मनोवैज्ञानिक परीक्षण पछि चिकित्सकहरूले अब्दलमासिह एचले 'पुलिस हिरासतमा दिएको वयानसँग मिल्दोजुल्दो रिपोर्ट अर्थात् आक्रमणकारी भुक्एिर आक्रमण नगरेको निष्कर्ष निकालेका छन् ।"

यद्यपि, यो चरणमा अन्य मनोवैज्ञानिक विकृतिहरूको निदान वा अस्वीकार गर्न धेरै चाँडो हुने उहाँले बताउनुभयो । पर्यटकका लागि लोकप्रिय तालको नजिकैको एक खेल मैदानमा बिहीबार भएको आक्रमणमा परी घाइते भएकाहरू अब ज्यान गुमाउने खतराको अवस्थामा नरहेको बोनट-म्याथिसले बताउनुभयो ।

आक्रमण २२ महिनादेखि तीन वर्षसम्मका बालबालिका र एक वयस्कलाई सुरुमा गम्भीर अवस्थामा अस्पताल भर्ना गरिएको थियो । अर्को एक व्यक्ति सामान्य घाइते भएका थिए ।

# बाढी र वर्षाका कारण पाकिस्तानमा ३० अर्ब अमेरिकी डलरको क्षति

**एएनआई**

इस्लामाबाद । पाकिस्तानका प्रधानमन्त्री शेहबाज शरीफले शुक्रबार विनाशकारी बाढी र वर्षाले पाकिस्तानलाई ३० अर्ब अमेरिकी डलरको नोक्सान गरेको बताउनु भएको छ ।

एआरवाई न्युजले जनाएअनुसार पाकिस्तानी प्रधानमन्त्रीले आर्थिक विधेयक २०२३-२४ को स्वीकृति दिन बोलाइएको सङ्घीय मन्त्रिपरिषद्का सदस्यलाई सम्बोधन गर्दै सोबारे जनाकारी गराउनु भएको हो ।

प्रधानमन्त्रीले अर्थतन्त्रमा देखिएको समस्या पुरानै भएको बताउँदै आफू सत्तामा आएपछि चीनले पाकिस्तानलाई आर्थिक समस्या समाधान गर्न मद्दत गरेको पनि उल्लेख गर्नुभएको छ ।

एआरवाई न्युजका अनुसार चीन, साउदी अरेबिया र संयुक्त अरब इमिरेट्सले पाकिस्तानलाई सहयोग गरेको र अन्तरराष्ट्रिय मुद्रा कोष (आईएमएफ)लाई रोकिएको ऋण कार्यक्रमको पुनरुत्थानको आश्वासन दिइएको पनि जनाउनु भएको छ ।

कोषका प्रमुखसँग एक घण्टा लामो टेलिफोन वार्तामा प्रधानमन्त्री शहबाज सरिफले आईएमएफसँगको नवौं समीक्षा जुलाई महिनामा सम्पन्न हुने कुरा दोहोर्यावउनु भएको छ । पाकिस्तानको राजनीतिक अस्थिरताबारे टिप्पणी गर्दै उहाँले राजनीतिक अस्थिरता अन्त्य नगरी आर्थिक विकास सम्भव नहुने पनि बताउनु भएको छ ।

पूर्वसरकारको गलत प्रतिबद्धताका कारण आईएमएफले पाकिस्तानलाई विश्वास नगरेको उहाँको बुझाइ छ । बढ्दो मुद्रास्फीतिले सर्वसाधारणको पीडा थपिएको पनि प्रधानमन्त्रीले स्वीकार गर्नुभएको छ । गठबन्धन सरकारका नीतिका कारण यो आर्थिक समस्या देकिएको भन्दै प्रधानमन्त्री शेहबाज शरीफले आगामी दिनमा स्थितिमा सुधार आउने बताउनुभएको छ ।



गोलभेडा खेतीको अनुगमन गर्दै जिल्लाका कृषि प्राविधिक । तरकारी खेतीबाट वार्षिक ४ लाख आम्दानी । तस्विरः रासस

# भारतीय पर्यटक आकर्षित गर्ने कार्यक्रम बनाउनुपर्छ : उत्तरप्रदेशका पूर्वमुख्यमन्त्री पाल

लुम्बिनी । भारतको उत्तर प्रदेशका पूर्वमुख्यमन्त्री जगदम्बिका पालले नेपालले भारतीय पर्यटक आकर्षित गर्ने नयाँ योजना तथा कार्यक्रम बनाउनुपर्ने सुझाव दिनुभएको छ । उहाँले नेपालमा धार्मिक, सांस्कृतिक तथा प्रकृतिका क्षेत्रमा अद्वितीय पर्यटनको सम्भावना रहेको उल्लेख गर्दै यसतर्फ लक्षित कार्यक्रमबाट भारतीय पर्यटक नेपालतर्फ आकर्षित हुने धारणा राख्नुभयो ।

बिहीबार बुटवल र पाल्पामा पर्ने लुम्बिनी केबलकार उद्घाटन समारोहमा सहभागी हुन बुटवल आउनुभएका उहाँले भन्नुभयो, “नेपालसँग पर्यटनको अधिक सम्भावना छ, उत्तर प्रदेशमा मात्र २४ करोडभन्दा बढी जनसङ्ख्या छ, नेपालको सम्भावनाका हर क्षेत्रमा भारतीय पर्यटकलाई लक्षित गर्ने हो भने विदेशी पर्यटक खोज्न नेपाल धेरै टाढा जानै पर्दैन ।”

उहाँले बुटवलमा बनेको लुम्बिनी केबलकार नेपालीका लागि मात्र नभई भारतीय पर्यटकका लागि पनि एक प्रमुख आकर्षण हुने बताउनुभयो । भारतको उत्तर प्रदेश लुम्बिनी प्रदेशका तराईका जिल्लासँग सीमा जोडिएको प्रदेश भएकाले त्यहाँका जनताका लागि बुटवल र यहाँ बन्ने केबलकारलगायतका सबै खालका पर्यटकीय पूर्वाधार उनीहरूका लागि पनि आवश्यक गन्तव्य बन्दै जाने उहाँको धारणा थियो ।

उत्तरप्रदेशबाट लोकसभाका सदस्य रहनुभएका पालले अब उत्तर प्रदेशका जनता केबलकार चढ्न हिमाञ्चल प्रदेश पुग्नुनपर्ने र लुम्बिनी केबलकार उनीहरूको पनि आकर्षण बन्ने बताउनुभयो ।

उहाँले भन्नुभयो, “लुम्बिनी केबलकार नेपालीका लागि मात्रै होइन, छिमेकी देश भारतको उत्तर प्रदेशलगायत भारतीय जनताका लागि पनि हो ।” केबलकारको टप स्टेशनमा बनेको कामाख्या भगवती मन्दिर, प्राकृतिक सौन्दर्य र शीतल वातावरण भारतीय पर्यटकका लागि आकर्षण बन्ने उहाँको भनाइ थियो ।

लुम्बिनी भारतीय पर्यटकका लागि पनि अत्यधिक रोजाइको गन्तव्य रहेको र त्यसमा अब केबलकारसहितको यो नयाँ गन्तव्य थपिएकाले शान्त र शीतल वातावरणमा रमाउन चाहने भारतीय पर्यटकको बसाई अवधि लम्ब्याउन सजिलो हुने उहाँको भनाइ थियो ।

उहाँले नेपाल र भारतबीच सदियौँदेखि धार्मिक, सांस्कृतिकदेखि जनता जनताबीचको सम्बन्ध प्रगाढ रही आएको पनि बताउनुभयो । उहाँले नेपालका प्रधानमन्त्री पुष्पकमल दाहाल ‘प्रचण्ड’ले हालै भारतको भ्रमण गर्नुभएबाट पनि दुई देशबीचको सम्बन्ध थप सुमधुर बन्न सकेको बताउनुभयो ।

उहाँले भन्नुभयो, “यो भ्रमणले दुई देशको सम्बन्ध सुधारका क्षेत्रमा उल्लेखनीय काम गरेको छ, यस अवसरमा नेपाल र भारतका बीचमा भएका सहमति र सम्झौता दुवै देशको सामूहिक हितका पक्षमा रहेको छ ।”

भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले नेपालसँग १० वर्षमा १० हजार मेगावाट बिजुली खरिद गर्ने भनी सार्वजनिक गर्नुभएको प्रतिबद्धता ऐतिहासिक रहेको र यसले आगामी दिनमा भारत र नेपालको ऊर्जा क्षेत्रमा आपसी लाभ प्राप्त हुँदै जाने उहाँले बताउनुभयो ।

लुम्बिनी प्रदेशका तराईका पाँच जिल्लाले भारतको उत्तर प्रदेश सीमासँग जोडिएको छ । रासस

# एनसेल कर विवादमा सरकारविरूद्धको मुद्दा खारेज

**टुडे समाचारदाता**

काठमाण्डु । एनसेलको करसम्बन्धीमुद्दामानेपालसरकारको जित भएको छ।

नेपाल सरकारको निर्णय र सर्वोच्च अदालतको आदेशमा चित्त नबुझेर एनसेलको माउ कम्पनी आजियटा ग्रुपले अन्तर र्राष्ट्रिय मध्यस्थकर्तासमक्ष मुद्दा दायर गरेको थियो।

आजियटा ग्रुपले अन्तर र्राष्ट्रिय लगानीसम्बन्धी विवाद समाधान गर्ने निकाय इन्टर नेसनल सेन्टर फर दि सेटलमेन्ट अफ इन्भेस्टमेन्ट डिस्प्युट (आइसिएसआइडी) मा मुद्दा दायर गरेको थियो। उक्त संस्थाले मुद्दा खारेज गरेसँगै सरकारको निर्णय र सर्वोच्च अदालतको आदेश सही भएको हो।

ञशुक्रबार बिहान हामीविरूद्ध लगाइएको मुल मुद्दा खारेज भएको छ, यसको अर्थ हामीले मुद्दा जितेका छौं,’ कानुन सचिव धनराज ज्ञवालीले सेतोपाटीसँग भने।

नेपालमा द्विपक्षीय लगानी सम्झौताविरूद्ध काम भएको, राज्यले न्याय नदिएको र कर लगाएको भन्दै आजियटा ग्रुपले करिब ५० करोड अमेरिकी डलर बराबरको क्षतिपूर्ति दाबी गरेकामा आइसिएसआइडीले मुद्दा खारेज गरेको हो।

आजियटा ग्रुपले २०७६ वैशाखमा मुद्दा दायर गरेको थियो। एनसेलको स्वामित्व बिक्रीबापत करिब ४० अर्ब रुपैयाँ लाभकर तिर्नपर्ने गरी ठूला करदाता कार्यालयले मूल्यांकन गरेको र त्यसविरूद्ध सर्वोच्च अदालतमा मुद्दा दायर भएकोमा नेपाल सरकारकै पक्षमा फैसला आएपछि एनसेलले अन्तर्राष्ट्रिय निकाय गुहारेको थियो।

एनसेलमा ८० प्रतिशत स्वामित्व भएको रेनोल्ड होल्डिङ्सलाई नर्वेली कम्पनी टेलियासोनेराबाट आजियटाले २०७२ चैत २९ मा किनेपछि लाभकर विवाद सुरू भई उक्त निकायमा पुगेको हो। टेलियासोनेराले नेपालमा भएको स्वामित्व बिक्री गर्दा लाभकर नतिरेको, कर निर्धारण भएको र अदालतमा शृंखलाबद्ध मुद्दा दायर भएसँगै विवाद सुरू भएको थियो।

समयमै कर नबुझाएका कारण निर्धारण भएको कर अंकमा थप ५० प्रतिशत अर्थात् १८ अर्ब ३३ करोड ७ लाख ३६ हजार ७ सय २३ रुपैयाँ जरिवाना लगाएको थियो। यसका अतिरिक्त ८ अर्ब ३९ करोड ८ लाख १२ हजार ३ सय ४२ रुपैयाँ ब्याज पनि लगाइदिएको थियो। कर, जरिवाना र ब्याजसहित एनसेललाई साढे ६२ अर्ब कर बुझाउनुपर्नेमा पहिल्यै साढे २३ अर्ब रुपैयाँ बुझाइसकेको थियो तर ३९ अर्ब रुपैयाँ बढी भएको भन्दै एनसेल सर्वोच्च पुगेको थियो।

सर्वोच्चले १८ अर्ब रुपैयाँ कम कर निर्धारण गर्नुपर्ने गरी फैसला सुनायो। त्यसपछि करिब २२ अर्ब कर बुझाए पनि यो प्रक्रियाहरूको विरुद्धमा अन्तर र्राष्ट्रिय निकायमा पुनः मुद्दा दायर गरेको थियो।

# ‘सरकारको नीतिले सुनचाँदी व्यवसाय धराशायी हुने, अर्बौंको लगानी डुब्ने’

**टुडे समाचारदाता**

काठमाण्डु । सरकारले जेठ १५ गते आगामी वर्षको बजेट घोषणा गऱ्यो। सोही दिन आर्थिक ऐनमार्फत् विभिन्न वस्तुका करका दर हेरफेर गर्ने क्रममा आयातीत सुनमा पनि केही नयाँ व्यवस्था गरेको छ।

पहिलो व्यवस्था हो-आयातित सुनमा १५ प्रतिशत भन्सार लगाउने।

दोस्रो-दुई प्रतिशत विलासिता कर लगाउने।

तेस्रो-विदेशबाट फर्किदा महिलाले ५० र पुरुषले २५ ग्राम सुन भन्सार नतिरी ल्याउन पाइने।

सरकारको यो तिनै व्यवस्थामा सुनचाँदी व्यवसायीले समर्थन जनाएका छैनन्।

सरकारको यो नीतिले व्यवसायीलाई सुनचाँदी व्यवसाय धराशायी हुने र अर्बौंको लगानी डुब्ने हो कि भन्ने चिन्ता छ। जेठ १५ गतेसम्म व्यवसायीले एक केजी सुन किन्दा भन्सार शुल्क ८ लाख ५० हजार रूपैयाँ तिर्ने गरेका थिए। सरकारले सुनमा मूल्यको आधारमा नभई परिमाणको आधारमा भन्सार लगाउँदै आएको थियो।




जेठ १५ पछि भने प्रति केजी सुनको मूल्य जति पर्छ त्यसको १५ प्रतिशत भन्सार दर लाग्ने व्यवस्था गरेको छ। मूल्य घट्दा भन्सारबापत तिर्नुपर्ने रकम पनि घट्छ भने मूल्य बढ्दा भन्सार बापत तिर्नुपर्ने रकम पनि बढ्छ। भन्सारदर बढेपछि सुनको मूल्य स्वतः बढ्छ। जेठ १५ गते प्रतितोला सुनको मूल्य एक लाख ८ हजार रूपैयाँ थियो भने आज अर्थात् जेठ २६ गते एक लाख १२ हजार पाँच रूपैयाँ छ।

मूल्य बढेपछि उपभोक्ताको किन्ने क्षमता घट्ने भएकाले व्यवसाय नै धरासायी हुन पुग्ने नेपाल सुन चाँदी व्यवसायी महासंघका अध्यक्ष माणिकरत्न शाक्यले बताए। ’आर्थिक मन्दीले त्यसै त व्यापार छैन,’ उनले भने, ’सुनको मूल्य बढी भएपछि अधिकांशले सुन किन्न सक्दैनन्। उपभोक्ताको माग घटेपछि हाम्रो व्यवसाय कसरी चल्छ?’ सुनको कारोबार घट्दा यसमा आश्रित कालिगढ पनि पलायन हुने अवस्था आउने उनको भनाइ छ। उनका अनुसार देशभर २५ हजार बढीको संख्यामा सुनचाँदी व्यवसायी छन्। उनीहरूले दुई लाख जनालाई प्रत्यक्ष रोजगारी दिएका छन्।

सरकारको यो व्यवस्थाले अन्य देशमाभन्दा यहाँ प्रतितोला सुन १५ हजारभन्दा बढीले महँगो पर्छ। त्यसले यहाँको बजार घट्न थाल्छ। ’अहिलेसम्म विदेशमा बस्ने नेपालीहरूले यहाँका गरगहना लैजाने गरेका थिए,’ उनले भने, ’अब विदेशमै किन्छन्।’ सरकारको यो निर्णयले अनौपचारिक क्षेत्र हाबी हुन गई सरकारी राजस्वमा समेत असर पर्ने उनले बताए। सुन विलासिता नभई अत्यावश्यक भएकाले विलासिता कर हटाउन पर्ने महासंघका महासचिव धर्म सुन्दर बज्राचार्यले बताए।

पैसा भएका बेला सुन किन्ने र आवश्यक पर्दा बेचेर गर्जो टार्ने हाम्रो समाज भएकाले यसमा लाग्ने विलासिता कर सरकारले हटाउन पर्ने उनको भनाइ छ। ’सुन विलासिताको सामान होइन। यो खरिदपछि बिक्री हुन्छ,’ उनले भने, ’यो सम्पत्तिको सञ्चय हो।’ उनका अनुसार १० लाख वा सोभन्दा बढीको सुन किन्दा दुई प्रतिशत विलासिता कर लगाउने सरकारले नयाँ व्यवस्था गरेको छ। यसअघि यो व्यवस्था गरिएको थिएन।

परम्परा, धर्म, संस्कृति र घर व्यवहारमा चल सम्पत्तिको रुपमा उपयोग हुने गरगहनामा लागू गरिएको यो व्यवस्था व्यवहारिक नभएको उनले बताए। सरकारले विदेशबाट फर्किंदा महिलाले ५० र पुरुषले २५ ग्राम सुन भन्सार नतिरी ल्याउन पाइने व्यवस्था विभेदकारी रहेको उनको भनाइ छ। ’रोजगारीको क्रममा महिलाभन्दा पुरुष बढी गएका हुन्छ। सरकारले महिला र पुरुषका लागि छुट्टा छुट्टै व्यवस्था किन गरेको हो हामीले बुझ्न सकेका छैनौं,’ उनले भने।

सरकारको यो नीतिले सुन-चाँदीका सामाग्रीको निर्यातमा अंकुश लगाउन खोजिएको नेपाल हस्तकला महासंघका अध्यक्ष प्रचण्ड शाक्यले बताए। उनका अनुसार गत वर्ष ५३ करोड मूल्य बराबरको सुन-चाँदीका वस्तु निर्यात भएको थियो। नेपाल सुनचाँदी व्यवसायी महासंघ, नेपाल सुनचाँदी रत्न तथा आभूषण महासंघ र नेपाल हस्तकला महासंघले संयुक्त रूपमा शुक्रबार पत्रकार सम्मेलन गरी सुनको भन्सार दर घटाउन र विलासिता कर हटाउन माग गरेका छन्। बजेटमा व्यवस्था भएका परम्परागत पेसा व्यवसायलाई संरक्षण गर्ने व्यवस्था हटाएर सुनचाँदी व्यवसायलाई अप्ठ्यारोमा पार्न खोजिएको व्यवसायीको भनाइ छ।

# २३ औं वर्ष प्रवेशको अवसरमा आइएमईको ‘रेमिटेन्स सचेतना’ प्रभातफेरी

**टुडे समाचारदाता**

काठमाण्डु । स्थपनाको २२ वर्ष पूरा गरी २३ औं वर्ष प्रवेशको अवसरमा आइएमई लिमिटेडले शनिबार बिहान प्रभातफेरीको आयोजना गरेको छ । ‘निरन्तर सहयात्रा विश्वासको’ भन्ने मूल नाराका साथ आयोजना गरिएको उक्त कार्यक्रम कम्पनीको केन्द्रीय कार्यलय पानीपोखरीबाट शुरु भएर लाजिम्पाट, लैनचौर, उत्तरढोका, नागपोखरी, दरबारमार्ग हुँदै पुनः केन्द्रीय कार्यालयमा आएर समापन गरिएको थियो ।





डिजिटल रेमिटेन्सको प्रबर्द्धन तथा रेमिटेन्स गर्दा औपचारिक माध्यमको प्रयोग सम्बन्धी सचेतना जगाउने उद्देश्यले प्रभातफेरीको आयोजना गरिएको हो । आइएमई ग्रुपका अध्यक्ष चन्द्र प्रसाद ढकाल तथा प्रबन्ध निर्देशक हेम राज ढकालको नेतृत्वमा गरिएको प्रभातफेरिमा ’सुरक्षित रेमिटेन्स, सुरक्षित भविष्य’, ’रेमिटेन्स गर्दा डिजिटल माध्यमको प्रयोग गरौं’ लगायतका नारा लेखिएका प्लेकार्ड बोकेका ४०० भन्दा बढि कर्मचारीहरुको सभागिता रहेको थियो । प्रभातफेरिमा चर्चित कलाकार तथा आइएमईका ब्राण्ड एम्बेसडर दीपकाराज गिरी र दिपाश्री निरौला पनि सहभागी थिए ।

प्रभातफेरीको उद्घाटन गर्दै अध्यक्ष ढकालले आइएमईलाई सबैभन्दा धेरै रेमिटेन्स भित्र्याउने कम्पनी बनाउन महत्वपूर्ण योगदान गर्नुहुने सम्पुर्ण सेवाग्राहीहरु, नियामक निकायहरु तथा कर्मचारीहरुलाई कृतज्ञता व्यक्त गरे । हरेक वर्ष जेठ २९ गते आइएमईले आफ्नो स्थापना दिवसको अवसरमा सचेतना मुलक प्रभातफेरी आयोजना गर्दै आएको छ ।

आफ्नो स्थापनादेखि नै रेमिटेन्स सेवालाई प्रत्येक नेपालीको पहुँचसम्म पुऱ्याउन प्रतिबद्ध यस कम्पनीले सेवा शुभारम्भको २३औं वर्षसम्ममा नेपालका शहरी तथा ग्रामिण क्षेत्रलाई समेट्ने गरी २ सय २५ आइएमई सेन्टर सहित ७७ जिल्लाका करिव १२ हजार सब एजेन्ट र बैंक तथा वित्तीय संस्थाका शाखामार्फत् विदेशमा कार्यरत नेपालीहरुले दुःख गरी कमाएको रकम छिटो, छरितो, विश्वसनीय र सुरक्षित तवरबाट देशका विभिन्न भूगोलमा रहेका आफन्तको हातमा पुर्याउदैं आईरहेको छ ।

# विदेशबाट १२ लाखको अक्टोपस आयात



**टुडे समाचारदाता**

काठमाण्डु । चालू आर्थिक वर्ष २०८९/८० को १० महिनाको अवधिमा १२ लाख रुपैयाँको अक्टोपस आयात भएको छ । भन्सार विभागले दिएको जानकार अनुसार साउनदेखि वैशाखसम्मको अवधिमा उक्त मूल्यको अक्टोपस भित्रिएको हो ।

यस अवधिमा विदेशबाट ३४० किलोग्राम अक्टोपस भित्रिएको विभागको तथ्यांक छ । उक्त परिणामको अक्टोपस आयात हुँदा राज्यले ५ लाख ९५ हजार रुपैयाँ राजश्व उठाएको छ ।

नेपाल भित्रिएको सम्पूर्ण अक्टोपस थाइल्याण्डबाट आउने गरेको तथ्यांक छ । नेपालमा सी फूडको प्रचलन बढ्दै जाँदा अक्टोपस लगायत विभिन्न प्रकाकार समुन्द्री माछाको आयात वर्षेनी बढ्दै गइरहेको छ ।

# घर भाडामा छुट दिन व्यवसायीको माग

भरतपुर । चितवनका व्यवसायीले २० प्रतिशतसम्म घर भाडामा छुट दिन माग गरेका छन् । नेपाल घरबहाल उपभोक्ता मञ्च चितवनले आर्थिक मन्दीबाट व्यवसाय धराशयी अवस्थामा पुगेको भन्दै हाल तिर्दै आएको घर भाडादरमा २० प्रतिशत छुट दिन अनुरोध गरेको हो ।

मञ्चले शुक्रबार नारायणगढमा पत्रकार सम्मेलनको आयोजना गरी आर्थिक मन्दीको असर रहुन्जेल तथा व्यवसाय पूर्ववत् अवस्थामा चलायमान हुन नसक्दासम्म घरभाडा घटाउन माग गरेको हो ।

मञ्चका अध्यक्ष ख्याम नारायण पराजुलीले राजमार्ग विस्तारका साथै विकास निर्माणका कामको असर प्रत्यक्ष रूपमा व्यवसायमा परेको भन्दै व्यवसाय पूर्ववत् सञ्चालन नहुँदासम्म भाडादरमा पूर्ण रूपमा छुट दिन घरधनीलाई अनुरोध गर्नुभयो । उहाँले घरबहालसम्बन्धी कर घरधनी स्वयम् आफैंले तिर्नुपर्नेसमेत स्पष्ट पार्नुभयो ।

अहिले व्यवसायीले आर्थिक मन्दीका कारण घरभाडा समयमा भुक्तानी गर्न नसक्दा घरधनीलाई समेत असर परेको अध्यक्ष पराजुलीको भनाइ थियो । “घरभाडाका कारण व्यवसाय बन्द हुँदै गएको अवस्थामा बेरोजगारी बढ्ने, घरधनीले प्राप्त गर्ने घरभाडा, राज्यले प्राप्त गर्ने व्यवसाय कर, बहाल करलगायत अन्य करसमेत घट्ने हुँदा यसलाई व्यवसायी, घरधनी र राज्य पक्षले सहजीकरण गरी विकल्प खोज्नुपर्दछ”, उहाँले भन्नुभयो ।

चितवनका मुख्य सहर र सडक आसपास क्षेत्रमा ८० देखि ९० प्रतिशतले भवन, सटर, कोठा भाडा लिई व्यवसाय सञ्चालन गर्दै आएका छन् ।

व्यवसायमा देखिएको ह्रास, चर्को घरभाडा र बैंकको ब्याजका कारण दैनिक खर्च चलाउन समेत समस्या हुन थालेपछि व्यवसायीहरू पलायन हुँदै अध्यक्ष पराजुलीले बताउनुभयो । उहाँले बैंक तथा वित्तीय संस्थाद्वारा प्रदान गरिएको कर्जाको ब्याजलाई एक अङ्कमा सीमित राख्न नेपाल राष्ट्र बैंकलाई अनुरोध समेत गर्नुभयो । रासस

धनुषा प्रहरीको ठूलो सफलता

# ७ सय ९ फरार अभियुक्त पक्राउ

**टुडे समाचारदाता**

जनकपुरधाम । इलाका प्रहरी कार्यालय महेन्द्रनगरको थुनुवाबाट फरार ६ जना मध्येका एक अभियुक्त भारतबाट पक्राउ परेका छन् ।

उनीहरु ०७९ माघ १५ गते फरार भएका थिए । धनुषा प्रहरीको निरन्तरको सक्रियता र खोजतलाशको क्रममा फरार भइ भारतमा बस्दै आएका अभियुक्त क्षीरेश्वरनाथ नगरपालिका-२ रमदैयाका २५ वर्षीय रोशन यादवलाई पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय धनुषाले जनाएको छ ।



पक्राउ परेका यादवलाई जिल्ला प्रहरी कार्यालय धनुषामा राखेर अनुसन्धान भइरहेको जनाइएको छ । इलाका प्रहरी कार्यालय महेन्द्रनगरबाट खटेको प्रहरी टोलीले शनिबार बिहान भारतको बिहारको सीतामढीबाट महोतरीको औरही बजारबाट फरार अभियुक्त यादवलाई पक्राउ गरेको धनुषाका प्रहरी उपरीक्षक विश्वराज खड्काले बताए ।



उनका अनुसार रोशन सार्वजनिक शान्ति विरुद्धको अपराधको मुद्दामा थुनुवामा रहेको जानकारी दिए । माघ १५ गते फरार भएका ६ जना अभियुक्त मध्ये पाँच अभियुक्त १५ दिन भित्रै पक्राउ परेको र ती सबै अभियुक्तहरु नेपालबाट पक्राउ परेको उनले बताए ।


रोशन फरार भइ भारततर्फ रहेको उसलाई ट्रेस गर्दै लगायतको मिहिनेतले पक्राउ गर्न सफल भएको प्रहरी उपरीक्षक खड्काले स्पष्ट पारे । रोशन भारततर्फ भाग्न सफल भएकोले पक्राउ पर्न केही समय लागेको उनको कथन छ ।

जिल्ला प्रहरी कार्यालय धनुषाको प्रमुख भइ आएदेखि एक दुई नभइ सयौं फरार अभियुक्त पक्राउ परेको दाबी गर्दै उनले चालु आर्थिक वर्षको जेठ महिनासम्ममा विभिन्न मुद्दाका ७ सय ९ जना अभियुक्तहरु पक्राउ परेको जानकारी दिए । यस अघि आर्थिक वर्ष ०७८/०७९ मा भने जिल्ला १ सय ८३ जना फरार अभियुक्त पक्राउ परेका थिए ।

माघ १५ गते खाना खाएर सुतेका ६ जना अभियुक्तहरु मध्यरातमा पर्खाल भत्काएर फरार भएका थिए । फरार हुनेहरुमा लागूऔषध मुद्दाका विनोद शर्मा, सार्वजनिक मुद्दाका अमित मण्डल र रोशन यादव, अभद्र व्यवहार सम्बन्धी मुद्दाका हरि विक तथा हातहतियार खरखजाना मुद्दाका रोशन महतो र शंकर सहनी फरार भएका थिए ।

थुनुवाबाट एकै पटक ठूलो संख्यामा अभियुक्तहरु फरार भएपछि धनुषा प्रहरी आलोचनाको पात्र बनेको थियो भने अहिले धनुषा प्रहरीले गरेको कामलाई ठूलो सफलताको रुपमा देखिएको छ ।

# स्वास्थ्य क्षेत्रमा सुधारका लागि कार्यक्रम ल्याइने : मन्त्री सिंह



**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेशका स्वास्थ्य तथा जनसंख्या मन्त्री वीरेन्द्र सिंहले महिला र पुरुषले समान रुपमा हातेमालो गरेर अगाडि नबढेसम्म प्रदेशको समृद्धिको कल्पनासमेत गर्न नसकिने बताएका छन् ।

धनुषाको नगराइन नगरपालिकाले शनिबार आयोजना गरेको पूर्ण खोप घोषणा कार्यक्रममा उनले सो कुरा बताएका छन् ।

'घर होस कि पालिका,प्रदेश या देश जबसम्म महिला पुरुषहरु मिलेर काम गर्दैनन् तबसम्म समृद्धि सम्भव छैन।',उनले धारणा राखे । स्वास्थ्यकर्मीहरुको अथक मिहिनेतले नगराइन नगरपालिकालाई पूर्ण खोप घोषणा गर्न सम्भव भएको भन्दै प्रदेशको स्वास्थ्य अवस्थामा थुप्रै सुधार गर्दै जानुपर्ने बताए ।

प्रदेशको विभिन्न आठ वटा जिल्लामा रहेको प्रादेशिक अस्पतालहरुबाट स्वास्थ्यमा सुधारको प्रक्रिया अगाडि बढाउने प्रतिबद्धता उनले व्यक्त गरे ।

कार्यक्रममा धनुषाका प्रमुख जिल्ला अधिकारी काशी राज दाहालले मानवको लागि स्वास्थ्य नै सबै थोक रहेकोले स्वास्थ्य क्षेत्रको सुधारका लागि सरकारी निकाय मात्र नभइ सबै पक्षले मिलेर काम गर्नुपर्ने अहिलेको आवश्यकता रहेको बताए ।

मन्त्री सिंहले स्वास्थ्य संस्थाहरु अझै पनि भाडाकै घरमा संचालनमा रहनु दुर्भाग्यपूर्ण रहेको बताउँदै विभिन्न संस्थाहरुको आफ्नै भवन निर्माणका लागि विशेष योजना ल्याउन लागिएको जानकारी दिए ।

नगराइन नगरपालिकाका मेयर विनय कुमार यादवको सक्रियतामा भएको सो कार्यक्रममा जिल्ला समन्वय समितिका सभापति राजनन्दन मण्डल,स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका सचिव डा.प्रमोद कुमार यादव,जिल्ला प्रहरी कार्यालय धनुषाका प्रतिनिधि,विभिन्न स्वास्थ्य चौकीका प्रतिनिधिहरुको सहभागिता रहेको थियो ।

# प्रहरीद्वारा शव बरामद

**टुडे समाचारदाता**

मलंगवा । सर्लाहीको हरिपुर नगरपालिका -६, लक्ष्मीपुरमा श्रीमानको कुटपिटबाट एक महिलाको मृत्यु भएको छ ।

घरायसी विवादमा श्रीमान राजाराम साहले कुटपिट गर्दा श्रीमती इन्द्रकलादेवी साहको मृत्यु भएको छ ।

जेठ २२ गते राजारामले कुटपिट गर्दा गम्भीर घाइते भएकी इन्द्रकलाको शनिबार बिहान मृत्यु भएको थियो ।

इन्द्रकलालाई सुरुमा उपचारका लागि नवलपुरस्थित एक अस्पतालमा लगिएको थियो । नवलपुरमा सामान्य उपचार गरेर वीरगञ्ज लगिएको थियो । वीरगञ्जमा उपचार गरी २३ गते राति घर ल्याइएको गाउँलेको भनाइ छ ।

घरमा ल्याउनासाथ पुनः स्वास्थ्यमा समस्या देखिएपछि २४ गते उनलाई फेरि उपचारका लागि जनकपुर अस्पताल लगिएको थियो ।

जनकपुरमा उपचार गरिरहँदा स्वास्थ्य अवस्था जटिल बनेको भन्दै शनिबार बिहान घरतर्फ ल्याउनेक्रममा महिलाको बाटोमा मृत्यु भएको स्थानीयले बताए ।

मृतकको पार्थिव शरीर शनिबार मध्यान्ह गाउँमा ल्याएर लखन्देही खोलामा अन्त्येष्टि गरिरहेको बेला प्रहरीले महिलाको शव बरामद गरेको स्थानीयले बताएका छन् ।

महिलाको शव मृतककी छोरी,ज्वाँइलगायत केही आफन्तले प्रहरीमा उजुरी दिएपछि प्रहरीले शव बरामद गरेको बुझिएको छ ।

इलाका प्रहरी कार्यालय हरिपुरबाट प्रहरी निरीक्षक विजय कुँवरको नेतृत्वमा खटिएको प्रहरी टोलीले महिलाको शव शनिबार बरामद गरेको छ ।

बलिराखेको चिताबाट आधा शरीर जलिसकेको अवस्थामा महिलाको शव बरामद भएको प्रहरीले जनाएको छ ।

कुटपिट घटनामा संलग्न महिलाका श्रीमानसहित ६ जनालाई प्रहरीले नियन्त्रणमा लिएको जनाएको छ । घटनाबारे थप अनुसन्धान भइरहेको सर्लाही प्रहरीका प्रमुख नरेशराज सुवेदीले जानकारी दिए ।

उनका अनुसार गम्भीर घाइते महिलालाई डाक्टरले अस्वीकार गर्दा गर्दै जवर्जस्ती घरमा ल्याएको देखिन्छ ।

चिताबाट बरामद गरिएको मृतक महिलाको शव पोष्टमार्टमका लागि प्रादेशिक अस्पताल मलङ्गवामा राखिएको सुवेदीले बताए ।

कुटपिटमा इन्द्रकलाका श्रीमान राजाराम भने फरार भएका छन् । उनको खोजी भइरहेको सुवेदीले बताए ।

# सरकारी जागिर छाडेर समाजसेवामा

**टुडे समाचारदाता**

राजविराज । सरकारी जागिरका लागि निकै दौडधुप र तछाडमछाड चलिरहेका बेला सप्तरीका एक व्यक्ति सरकारी जागिर छाडेर समाजसेवामा सक्रिय भएका छन् । सप्तरीको राजविराज नगरपालिका- ३ का इञ्जिनियर सूर्य नारायण यादव सरकारी जागिर छाडेर समाजसेवामा सक्रिय भएका हुन् ।



५७ वर्षीय यादव विगत डेढ दशक देखि आमा हल्फा देवी र बुवा धर्मी प्रसादको नाममा धर्मी-हल्फा महिला विकास क्लब स्थापना गरेर समाज सेवामा जुटेका छन् । सो संस्था आफ्नो आमा बुवा र समाजका लागि विशेष उपहारको रुपमा रहेको यादवको कथन छ ।

विद्युत् प्राधिकरण, खानेपानी तथा भौतिक पूर्वाधार कार्यालयमा गरी झण्डै १० वर्ष जागिरे जीवन विताएका उनी २०५७ सालमा बीचमै जागिरे जीवन त्यागेर धर्मी-हल्फा महिला विकास क्लब स्थापना गरी समाजसेवामा होमिएका छन् ।

एउटा कर्मचारीको आँखाबाट जनताको दुख देखिसकेपछि त्यो घेराबाट बाहिरिएर स्वतन्त्र रुपमा काम गर्ने र समाजसेवा गर्ने सोचका साथ जागिर एक वर्ष मात्र बाँकी रहेको अवस्थामा बीचमै छाडेर समाजसेवामा लागेको उनले बताए ।

नियतिले उनको आमा बुवालाई उनी जागिरमा लागेको केही समय पछि नै खोसिदियो । एक मात्र २० वर्षीय छोरा धीरज मोटरसाइकल दुर्घटनामा ४ वर्ष अघि ज्यान गुमाए । तर पनि उनी विचलित भएका छैनन् । अर्को सन्तानको रुपमा रहेकी छोरी सुनितालाई भने उनी डाक्टरी पढाउन र डाक्टर बनाउन सफल भएका छन् ।

अब सामाजिक काम गर्ने र दिनदुखीलाई सेवा गरेर जीवन विताउने उनको एक मात्र इच्छा छ । कतै आगलागी भयो, कतै बाढीपीडितको विचल्लि भयो, कतै अशक्त अपाङ्गलाई समस्या भयो, त कतै शीतलहरले जनजीवन कष्टकर बन्यो भन्ने बारे खबर पाउनासाथ उनी आफ्नै निजी खर्चमा राहत सामग्री जुटाइ पीडितको घरमै पुगेर राहत सामग्री बाड्ने गरेका छन् । यति मात्र होइन । आफ्नै निजी लगानीमा ग्रामीण भेगमा गरीब असहायलाई लक्षित गरी निःशुल्क स्वास्थ्य शिविर पनि चलाउने गरेका छन् ।

संस्था स्थापना गरेदेखि हालसम्मको अवधिमा उनले जिल्लाको विभिन्न पालिकाका गरीब असहायलाई लक्षित गरी ११ पटक आँखा तथा कानको निःशुल्क जाँच उपचार शिविरसमेत सञ्चालन गरिसकेका छन् । आफ्नै संस्थामार्फत उनले चलाउने गरेको निःशुल्क स्वास्थ्य शिविरबाट हालसम्म आँखा तथा कानका २७ हजार ५ सय भन्दा बढीले उपचार सेवा प्राप्त गरिसकेको संस्थाको रेडर्कबाट देखिएको छ ।

शिविरका लागि भने चौधरी आँखा अस्पताल र नेत्र रोग विशेषज्ञ डा.राजकुमार यादव नेतृत्वको चिकित्सक टोलीले निःशुल्क प्राविधिक सहयोग उपलब्ध गराउने गरेको अध्यक्ष यादवले बताएका छन् ।

संस्थाले ग्रामीण क्षेत्रमा पुगेर संचालन गर्ने शिविरमा आउने आँखाका जटिल तथा शल्यक्रिया गर्नुपर्ने बिरामीलाई आफ्नै खर्चमा लहान स्थित चौधरी आँखा अस्पतालमा पुऱ्याइ उपचार गराउने र आफन्त नभएका बिरामीको स्याहार सुसारमासमेत उनी खटिने गरेका छन् ।

शिविरमा आउने गरीब असहायलाई मानवीयताका नाताले आफ्नै खर्चमा थप उपचार गराउन अस्पतालसम्म लगिदिने र आफ्न्त नभएकाको हेरचाह गरिदिने गरेको उनले सुनाए । यादव आफै पनि आर्थिक रुपमा सबल छैनन् । उनी भन्छन्- "समाजसेवा गर्न धन हैन, मन चाहिन्छ ।"

जागिरे जीवनमा जोडेको केही सम्पत्ति र बावु बाजेले छाडेर गएको जग्गा जमीनबाट केही बिक्री गरेर उनी विपद्मा परेकाहरुलाई तन, मन र धनले सहयोग गर्दै आएको सुनाउँछन् । उनी यसैमा रमाउन र जीवन खोज्न चाहन्छन् । "अब कसको लागि कमाउनु छ र ? उनी भन्छन्- "आफूलाई खान लाउन पुगेकै छ, दिनदुखीलाई सहयोग गर्दाको आनन्द बेग्लै छ ।"

यादवले बाँड्ने गरेको राहत सामग्री र बेला बेलामा चलाउने गरेको निःशुल्क स्वास्थ्य शिविरले यहाँका धेरै गरीब असहायलाई राहत प्रदान गरेको छ ।

# तरकारी खेती तालिम



**टुडे समाचारदाता**

जनकपुरधाम । जनकपुरधाम उपमहानगरपालिका-२१ कुर्थामा महिलाहरुको लागि पाँच दिने तरकारी खती तालिम शनिबारदेखि शुरु भएको छ ।

कुर्थास्थित सोनार धर्मशालाको सभाकक्षमा शुरु भएको तालिमको शनिबार एक कार्यक्रबीच जिल्ला समन्वय समितिका सदस्य महेन्द्र महतो तथा वडा अध्यक्ष राजु साहले संयुक्त रुपमा शुभारम्भ गरे ।

गरीबसंग विश्वेश्वर कार्यक्रम अन्तर्गत गठन भएका संगठित महिलाहरुलाई आयआर्जन गर्न दक्ष बनाउने उद्देश्यले तालिमको आयोजना गरिएको सहजकर्ता अशोक दासले जानकारी दिए ।

उनका अनुसार संघीय मन्त्रालयको कृषि तथा सहकारी मन्त्रालय अन्तर्गत ५२ लाखको बजेटमा महिलाहरुलाई आय आर्जन गर्न दक्ष बनाउने उद्देश्यले तालिमको आयोजना गरिएको छ ।

सो तालिममा विभिन्न समूहका ६ जना महिलाहरुको सहभागिता रहेको छ । बजेट कृषि मन्त्रालयको भए पनि गरीबसंग विश्वेश्वर कार्यक्रम अब जनकपुरधाम उपमहानगरपालिका मातहतमा रहेकोलेउपमहानगरपालिकामार्फत नै यो तालिम पनि संचालन गरिएको उनले प्रष्ट पारे ।

तालिममा सहभागी महिलाहरुलाई सिकेर गएपछि यसलाई व्यवहारमा उतार्नु पर्ने र आयआर्जन गरेर देखाउन आग्रह गरे ।

'जागिर सरकारी र खेती तरकारी' उत्तम हुने गरेको सिद्धान्तलाई अंगीकार गरी तरकारी खेतीबाटै पनि जीवनस्तर उकास्न सकिने र आर्थिक रुपमा सबल बन्न सकिने धारणासमेत कार्यक्रमका वक्ताहरुले राखे ।

कार्यक्रममा संगठित महिला समूहकी सदस्य एवम् निलम कुमारी,वडा महिला सदस्य सिर्जना पण्डितलगायतका व्यक्तिहरुले आ-आफ्नो धारणा राखेका थिए ।

# विषादीयुक्त आँपको बिगबिगी

**टुडे समाचारदाता**

गरुडा । जेठ महिनाको मध्यदेखि फलको राजा भनिने आँप पाक्न सुरु हुन्छ । तर, ती आँप बजारमा नपुग्दै भारतीय आँपले नेपाली बजार ढाकिसकेको छ ।



वैशाख महिनाको मध्यदेखि नै बजारमा पाकेका आँप धमाधम बिक्री भइरहेको छ ।

हेर्दा आकर्षक देखिए पनि भारतबाट आएका सबैजसो आँपमा विषादी हालेर 'क्याल्सियम कार्बाइड' भन्ने अखाद्य रासायनिक पदार्थ प्रयोग गरी पकाइएको हुन्छ । जुन मानव स्वास्थ्यमा गम्भीर असर पार्ने खालको हुने चिकित्सकहरु बताउँछन् ।

नर्भिक अस्पतालका वरिष्ठ चिकित्सक डा.शैलेन्द्र कुशवाहाका अनुसार आँप पकाउन प्रयोग गरिने उक्त कार्बाइडमा धातुजन्य आर्सेनिक, फस्फोरसको मात्रा अत्यधिक हुन्छ । त्यसले पानीसँग प्रतिक्रिया गरी एसिटिलिन ग्यास उत्पादन गरी मानिसको स्नायु प्रणालीको तन्तु प्रभावित बनाउँछ ।

त्यसैले, यसको प्रयोग मानव स्वास्थ्यको लागि निकै घातक रहेको उनको कथन छ । उनका अनुसार विषादी हालेर पकाइएका आँपले क्यान्सर रोग पनि निम्त्याउन सक्छ । तर, अत्यधिक विषादी प्रयोग गरिएका आँप रोक्न सीमामा सामान्य क्वारेन्टाइन चेकजाँचसमेत गरिएको छैन । जब कि नेपाल सरकारले क्याल्सियम कार्बाइड प्रयोग गरी फलफूल पकाउन प्रतिबन्ध लगाएको छ ।

रौतहटका एक स्थानीय भन्छन्, बजारमा भारतबाट सानो गाडीमा ल्याइएको आँप माइकिङ गरेर समेत बेचिरहेको पाइएकाले नागरिकको स्वास्थ्यलाई ख्याल गरी स्थानीय प्रशासनले नियन्त्रणको पहल गर्नुपर्ने देखिन्छ ।

**स्वस्थ रहन नियमित दूध सेवन गरौं**

दूधले मानिसलाई चाहिने सम्पूर्ण पोषण प्रदान गर्छ, त्यसर्थ दूध सम्पूर्ण खाना हो । यसमा प्रोटिन, क्याल्सियम, भिटामिन ए, भिटामिन बी २, भिटामिन डी र ई सहित, म्याग्नेसियम, पोटासियम, आयोडीन लगायतका पोषक तत्वहरु हुन्छन् । नियमित दूध सेवनले शरिरमा रोग प्रतिरोधात्मक क्षमता बढाउनुका साथै स्वस्थ रहन मद्दत पुर्‍याउँछ ।

यसले हामीलाई तौल घटाउन, तनाव वा टाउको दुखाइ कम गर्न, रक्तचाप, दाँत मजबुत बनाउन, मधुमेह लाग्नबाट बचाउनु हुनै पातलिने लगायतका समस्याहरु आउन नदिन मद्दत पुर्‍याउँछ । त्यसैले दैनिक दूध तथा दूधजन्य पदार्थ सेवन गरौं ।

मधेश प्रदेश सरकार
आमसञ्चार प्राधिकरण

**आवश्यकता**

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि. द्वारा प्रकाशित राष्ट्रिय क वर्गको जनकपुर टुडे दैनिक पत्रिकाका लागि तपसिल बमोजिम जिल्ला/स्थानमा नयाँ युवा पत्रकारहरुको आवश्यकता रहेकाले इच्छुक नेपाली नागरिक रहेका युवा, युवती पत्रकारहरुले तलको मोबाइल नम्बरमा सम्पर्क गर्नु हुन अनुरोध छ ।

तपसिल

| जिल्ला | स्थान |
| --- | --- |
| पर्सा | बीरगञ्ज |
| बारा | बारा जिल्लाको लागि |
| रौतहट | चन्द्रपुर |
| सर्लाही | राजमार्ग क्षेत्र (लालबन्दी, नवलपुर, हरिऔन) |
| महोत्तरी | बर्दिबास, जलेश्वर र औरही |
| सिरहा | लहान र सिरहा |
| सप्तरी | सप्तरी जिल्लाको लागि |

सम्पर्क फोन नं.
९८०१६२६०२१, ९८५५०२१०२२
email :jtodayad@gmail.com

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८